# लेखापरीक्षण प्रतिवेदन

## मेलुङ गाउँपालिका, दोलखा

आर्थिक वर्ष २०८१/८२



**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# मेलुङ गाउँपालिका, दोलखा

आर्थिक वर्ष २०८१/८२

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

*(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide Independent and Quality Audit Service)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | *(Independence)* |
| निष्ठा | *(Integrity)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |
| व्यावसायिकता | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फस्यौंटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फस्यौंट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८३ वैशाख** **महालेखापरीक्षक**

प.सं.:2082/83
च.न :APPROVED/FAR/2081-82/LOC/241

मिति : २०८३-१-३०

श्रीमान् अध्यक्षज्यू,
मेलुङ गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
दोलखा।

**विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।**

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

( घनश्याम काफ्ले )
नायब महालेखापरीक्षक

प.सं.:2082/83 मिति : २०८३-१-३०
च.न :APPROVED/FAR/2081-82/LOC/241

श्रीमान् अध्यक्षज्यू,
मेलुङ गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
दोलखा।

विषयः लेखापरीक्षण प्रतिवेदन।

**१. कैफियत सहितको रायः**

हामीले त्यस गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

**२. कैफियत सहितको राय व्यक्त गर्ने आधारः**

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारी (समाजिक सुरक्षा तथा संरक्षण) को कारोबार समावेश गरेको छैन।

२.२. गाउँपालिकाको आय र व्यय तर्फ रु. १ अर्व २३ करोड ८८ लाख ८५ हजारको लेखापरीक्षणबाट रु. ५८ लाख ६० हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट रु. ८ लाख ९० हजार संपरीक्षण भई असुल गर्नुपर्ने रु. १० लाख २५ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ६ लाख ४७ हजार, नियमित गर्नुपर्ने रु. ३१ लाख ९८ हजार र पेश्की बाँकी रु. १ लाख गरी जम्मा रु. ४९ लाख ७० हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजु रु. १२ करोड ५६ लाख ६४ हजार मध्ये रु. ४ करोड १४ लाख ५३ हजार संपरीक्षण र यस बर्षको लेखापरीक्षणबाट रु. ४९ लाख ७० हजार थप भई हालसम्म अद्यावधिक बेरुजु रु. ८ करोड ९१ लाख ८१ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**३. अन्य बेहोराः**

लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

**४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारीः**

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँकार्यपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारीः**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आँकडा मानिएको छ।

(घनश्याम काफ्ले)
नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट सम्परीक्षण | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ६६ | ९९ | ५८,६०,३०८ | ० | ४८ | ८,९०,५९५ | ० | ६६ | ५१ | ४९,६९,७१३ | १०,२५,०१३ | ३१,९८,०९० | ६,४६,६१० | ० | ० | ३८,४४,७०० | १,००,००० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष सम्परीक्षण | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| दोलखा | १२,५६,६४,००० | | ४,१४,५२,६५९ | ८,४२,११,३४१ | 0 | ४९,६९,७१३ | ८,९१,८१,०५४ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८१/८२ | ५२.५ | सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धमा देखिएका व्यहोरा देहायअनुसार रहेका छन । | २४,२०५ |
| २ | २०८१/८२ | ६० | बैठक भत्ताः | १७,००० |
| ३ | २०८१/८२ | ४४ | बिल भन्दा बढी भुक्तानीः | ४९,०१५ |
| ४ | २०८१/८२ | ६६ | बढी भुक्तानी | ५१,२२३ |
| ५ | २०८१/८२ | ६७ | पूर्वनिर्धारित क्षतिपुर्तिः | ४,३५,६०२ |
| ६ | २०८१/८२ | ३८ | निःशुल्क पाठ्यपुस्तकमा बढी निकासाः | ८०,८८० |
| ७ | २०८१/८२ | ३९ | दिवा खाजामा बढी निकासाः | २,३२,६७० |

| | | | | |
|---|---|---|---|---|
| ८ | २०८०/८१ | ७२.१ र ७२.२ | विविध परीक्षण | २६,५३,१४९ |
| ९ | २०८०/८१ | ५.५ | प्राविधिक धारको विद्यालयको लागि खर्च | ७,००,००० |
| १० | २०८०/८१ | ४५ | ग वर्गको अपाङ्गता भएकालाई भत्ता वितरण: | ६,८०,००० |
| ११ | २०८०/८१ | ६५ | कर्मचारी नियुक्ती | ६०,००० |
| १२ | २०८०/८१ | ६८.२ | कर्मचारी दरबन्दी तथा पदपूर्ति | १५,११,६०० |
| १३ | २०८०/८१ | ६९ | अन्य निकाय खर्च | १,६०,००० |
| १४ | २०७६/७७ | ३.१ | घटी मौज्दात | ३,५६,८७,९१० |
| जम्मा | | | | ४,२३,४३,२५४ |

# मेलुङ गाउँपालिका, दोलखा

# ( ८०३२३५०४३०० )

# मेलुङ्ग गाउँपालिका , दोलखा

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानिय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता सह-अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। यस पालिका अन्तर्गत ७ वडा, ३८ सभा सदस्य, ८६.५४ वर्ग किलोमिटर क्षेत्रफल तथा १५,८९३ जनसंख्या (राष्ट्रिय जनगणना २०७८ को अनुसार) रहेको छ।।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।४।२७ देखि २०८२।५।५ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्बनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका बेहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका बेहोराहरु यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** आय – व्ययतर्फ रु.१ अर्व २३ करोड ८८ लाख ८५ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.१४,३२,७८० असुल भई दाखिला भएको प्रमाण पेश भएको छ ।

| सि.नं | विवरण | रकम रु. |
|---|---|---|
| १. | सामाजिक सुरक्षा भत्ता असुल | ६१,०७४ |
| २. | हेफर प्रोजेक्टलाई नपाउने भुक्तानी असुल | १३,५०,४५६ |
| ३. | बैठक भत्ता असुल | २१,२५० |
| | जम्मा | १४,३२,७८० |

२ **एकीकृत आय व्यय**

गाउँपालिकाले पेश गरेको आर्थिक वर्ष २०८१।८२ को एकीकृत आर्थिक विवरण देहायअनुसार रहेको छ ।

| प्राप्ति | | | भुक्तानी | | |
|---|---|---|---|---|---|
| सि.नं. | विवरण | रकम (रु.) | सि.नं. | विवरण | रकम (रु.) |
| १ | **सुरु मौज्दात** | **६,८७,२१,१२८.९६** | **१.** | **चालु खर्च** | **३१,८४,१७,२३०.३** |
| | क. संचित कोष | ५२१४९९७१.१३ | **२.** | **पुँजीगत खर्च** | **१४,११,४५,९१५.३२** |
| | ख. धरौटी | ८२३९०१३.१४ | **३.** | **अन्तर सरकारी अख्तियारी (संघ)** | **१२,२५,३०,८२७** |
| | ग. कार्यसञ्चालन कोष विविध खर्च खाता | ८१०७९४१.२९ | | क) सामाजिक सुरक्षा | १२२५३०८२७ |
| | घ. विविध कोष खाता | २०६०९५ | ४ | **धरौटी फिर्ता तथा सदर स्याहा** | **२१,८०,९८१** |
| | ङ. प्रकोप व्यवस्थापन कोष खाता | १८१०८.४ | **५.** | **कार्यसञ्चालन कोषबाट भएको खर्च** | **९९,८३,४५४** |
| २ | **आन्तरिक आय** | **९,५२,६५,९२३.९८** | **६.** | **अनुदान फिर्ता** | **३,७२,३५,५४६** |
| | क) आन्तरिक आय | ५९४४४१९.२५ | | i. संघ तर्फ | ३०४६३९२८.८८ |
| | ख) राजस्व बाँडफाँट संघ | ७४७०९४५१.२९ | | क) सशर्त अनुदान | ३०३९०८३३.८८ |
| | ग) राजस्व बाँडफाँट प्रदेश | १३८४६२३९.०४ | | ख) विशेष अनुदान | ७३०९५ |
| | ग) स्थानीय राजश्व बाँडफाँड | ७६५८१४.४ | | ii. प्रदेश तर्फ | ६७७१६१७.६१ |
| ३ | **वित्तीय हस्तान्तरण (संघ)** | **३२,४७,८३,२८१** | | क) सशर्त अनुदान | ४१४८६२७.८३ |
| | क) समानीकरण अनुदान | १०५६१५७६० | | ख) विशेष अनुदान | ३८७९९ |
| | ख) सशर्त अनुदान | २१६३४१२२० | | ग) समपूरक अनुदान | २५८४१९०.७८ |
| | ग) विशेष अनुदान | २८२६३०१ | **७** | **अन्तिम मौज्दात** | **४,४६,१८,०९४.३** |
| ४ | **वित्तीय हस्तान्तरण (प्रदेश)** | **५,०३,८२,३२५** | | क. संचित कोषको मौज्दात | ३१६८९५९५.४७ |
| | क) समानीकरण अनुदान | ११९२२००० | | ख. धरौटी | १०५०३१४०.१४ |
| | ख) सशर्त अनुदान | २३२७५०१० | | ग. कार्यसञ्चालनकोष | २२०११५५.२९ |
| | ग) समपूरक अनुदान | १०६९३४९७ | | घ. अन्यकोष | २२४२०३.४ |
| | घ) विशेष अनुदान | ४४९१८१८ | | | |
| ५ | **अन्तर सरकारी अख्तियारी (संघ)** | **१२,२५,३०,८२७** | | | |
| | क) सामाजिक सुरक्षा | १२२५३०८२७ | | | |
| ६ | **धरौटी आय** | **४४,४५,१०८** | | | |
| ७ | **कार्यसञ्चालन कोष आय** | **९९,८३,४५४** | | | |
| | **जम्मा** | **६७,६१,१२,०४७.९४** | | **जम्मा** | **६७,६१,१२,०४७.९४** |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **अनुदानको अनुगमन**

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाले देहायका २ वटा कार्यक्रममा रु. १२,५०,०००। बितरण गरेको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलब्धी मापन गरेको छैन । गत विगत वर्षमा दिएको अनुदानको अभिलेख र उपलब्धिको समेत मापन गरेको देखिएन । अनुदान मागदाबीको सुचना प्रवाह नभएको, छनौटको आधार तय नभएको र वडाको सिफारिस बमोजिम वितरण गरेको देखिन्छ । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय नगरी अनुदान उपलब्ध गराएको छ । तसर्थ अनुगमनलाई प्रभावकारी बनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने सुनिश्चित गर्नुपर्दछ । अनुदान दिएको रकमको अभिलेख राख्नुपर्ने, छनौटको आधार तय गरी पारदर्शी रुपमा वितरण गरी सदुपयोगको सुनिश्चतता प्रतिवेदन समेत तयार गर्नुपर्दछ ।

| सिनं | कार्यक्रमको नाम | लाभग्राही सहकारी संस्था वा कृषक | कार्यक्रम खर्च | लागत सहभागीता (%) | भुक्तानी रकम |
|---|---|---|---|---|---|
| १ | जिविकोपार्जन सुधार कार्यक्रम | गाइखुरा महिला उद्यमी कृषि सहकारी संस्था लिमिटेड, मेलुङ २ | ७५०००० | ० | ७५०००० |
| २ | दुग्ध चिश्यान केन्द्रलाई कार्यसम्पादनमा आधारित कार्यालय व्यवस्थापन अनुदान | गाइखुरा महिला उद्यमी कृषि सहकारी संस्था लिमिटेड, मेलुङ २ | ५००००० | ० | ५००००० |

४ **आर्थिक सहायता:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था छैन । पालिकाले यो बर्ष २२ संस्था तथा १७ व्यक्तिहरुलाई रु.१२,५९,०२१।०० आर्थिक सहायता वितरण गरेको छ जुन कुल आन्तरिक आय रु. ५९,४४,४१९।०० को २१.१८ प्रतिशत रहेको छ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ ।

५ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशाकीय अधिकृत सहित ८० (कार्यालय सहयोगी, चौकीदार, सवारीचालक, ईलेक्ट्रिसियन बाहेक) दरवन्दी रहेकोमा ५९ पदपूर्ती भई २१ रिक्त देखिन्छ । गाउँपालिकाको दरवन्दी र पदपुर्तीको विवरण निम्नानुसार छ।

| सिनं | दरवन्दी विवरण | संघीय मामिलाबाट स्वीकृत | स्वास्थ्य मन्त्रालयबाट स्विकृत | पालिकाबाट स्वीकृत | कार्यक्रम | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | दरबन्दी | ४९ | २४ | ० | ७ | ८० |
| २ | पदपूर्ती | २८ | २४ | ० | ७ | ५९ |
| ३ | रिक्त | २१ | ० | ० | ० | २१ |
| ४ | पदपुर्ती मध्ये करार | ११ | ९ | ० | ७ | २७ |

पालिकाले ओ एण्ड एम सर्वेक्षण गरी सभाबाट दरबन्दी स्विकृत गरेपनि प्रदेश निजामती कितावखानामा पदहरु दर्ता गरेको छैन् । माथि उल्लेखित दरवन्दी बाहेक वडा तर्फको प्रशासनिक कामको लागी ७ र पालिका तर्फ १ जना गरी ८ कर्मचारी करारमा नियुक्ती गरी तलब भत्ता भुक्तानी गरेको समेत देखिन्छ। रिक्त पदहरु नियमानुसार पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । प्रदेश निजामती कितावखानामा पदहरु दर्ता गराई स्थायी रुपमा पदपूर्ती गर्नुपर्दछ।

६ **कर्मचारी व्यवस्था :**

बागमती प्रदेश स्थानीय सेवा (गठन तथा संचालन ) ऐन, २०७९ को दफा १६ बमोजिम स्थानीय सेवाका कर्मचारीले गर्नुपर्ने कार्यका लागि कुनै पनि व्यक्तिलाई ज्यालादारी वा करारमा नियुक्ति गर्न नहुने उल्लेख छ । त्यस्तै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा (८) मा गाउँ प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न नहुने उल्लेख छ । पालिकाले पेश गरेको विवरण अनुसार करार कर्मचारीको कुल पारिश्रमिक रु. १,७६,५७,२९१।०० खर्च भएकोमा उल्लेखित पदहरुमा बाहेक २२ कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता रु. ९४,६१,२२२।०० भुक्तानी गरेको पाइयो । अतः ऐनको प्रावधान बमोजिम ज्यालादरी/ करारमा नियूक्त गर्न पाउने पदहरु वाहेक अन्य पदमा स्थायी कर्मचारी पदपुर्ती गर्नुपर्दछ ।

| पद | नियुक्ति संख्या | तलवभत्ता रु. |
|---|---|---|
| सुचना प्रविधि अधिकृत | १ | १,७४,७५६ |
| इन्जिनियर | २ | ११,३५,९१४ |
| असिस्टेण्ट सब-इन्जिनियर | ७ | २९,९४,०८२ |
| कृषि / पशुप्राविधिक | २ | ८,५५,४४६ |
| अनमि / नर्स / अहेव / ल्याब टेक्निसियन | १० | ४३,०१,०२४ |
| जम्मा | २२ | ९४,६१,२२२ |

७ **कल्याण कोष :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले हालसम्म यस्तो कल्याणकारी कोषको स्थापना गरेको छैन। कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । कानूनको व्यवस्था गरी कल्याणकारी कोषको कार्यान्वियन गर्नुपर्दछ।

८ **कर्मचारी नियुक्ति :**

बागमती प्रदेशको स्थानीय सेवा गठन तथा संचालन ऐन, २०७९ को दफा १६ बमोजिम स्थानीय सेवाका कर्मचारीले गर्नुपर्ने कामको लागि करारमा नियुक्ति गर्न नपाइने व्यवस्था छ । यस्तै सोही ऐनको दफा ९( १४) मा पाँचौँ तथा चौथो तहका कम्प्युटर अपरेटर, सवारी चालक, इलेक्ट्रिसियन, चौकीदार, स्वीपर, प्लम्बर, माली, सरसफाईकर्मी, कार्यालय सहयोगी लगायतका पद बाहेक सेवा करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन । पालिकाले ऐनले करारमा राख्न नपाइने तथा स्वीकृत भएको दरबन्दीमा नरहेको पदमा कार्यालय सहायक ८ जना नियुक्ती गरी रु.२५,११,६०० तलबभत्ता खर्च लेखेकोले नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | २५,११,६०० |

९ **कानून निर्माण र सञ्चालन स्थितिः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानुनहरु बनाई उपलब्ध गराएकोमा गाउँपालिकाले हालसम्म ९३ वटा ऐन, १२ वटा नियम, १७ नीति, १७४ कार्यविधि, निर्देशिका र मापदण्ड लगायत २९६ वटा कानुनहरु निर्माण गरेको छ । राजपत्रमा प्रकाशित उक्त कानुनहरु पुर्ण रुपमा कार्यान्वियनमा ल्याउनुपर्दछ ।

१० **योजना प्राथमिकीकरणः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची-३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार प्राथमिकताको आधारमा योजना छनोट गर्नुपर्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्नानुसार ७ वडाको लागि १८५ वडागत र १५ पालिकास्तरका गरी कुल २०० योजनामा बजेट विनियोजन गरेको छ।

| योजनाको प्रकार | रु.१ लाखसम्म | रु.१ लाखदेखि २ लाखसम्म | रु.२ लाखदेखि ५ लाखसम्म | रु.५ लाखदेखि १० लाखसम्म | रु.१०-५० लाखसम्म | ५० लाखभन्दा बढी | जम्मा |
|---|---|---|---|---|---|---|---|
| वडास्तरिय | २५ | ५० | ८६ | १६ | ८ | | १८५ |
| पालिकास्तरीय | ० | ० | ० | ० | १० | ५ | १५ |

उपर्युक्त विवरण अनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनोट गरी प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।

११ **बजेट सीमा निर्धारण समितिः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषय/क्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेपनि समयभित्र उपरोक्त कामहरु गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

१२ **बजेट तथा कार्यक्रम तर्जुमाः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्य बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय/ क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

१३ **बजेट पेश, पारित र अख्तियारीः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । पालिकाको उपाध्यक्षले मिति २०८१।३।५ मा रु. ५६ करोड ४२ लाख ५९ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८१।३।१९ मा पारित भएको छ । यसैगरी स्थानीय तहका अध्यक्षले मिति २०८१।३।२५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

१४ **गतवर्षको भुक्तानीः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउन सक्ने व्यवस्था छ। पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित तथा यस वर्षको बजेटमासमेत गत वर्षको भुक्तानी दिन बाँकीको व्यवस्था गरी पुँजिगत शिर्षकबाट वडा नं. ५ को कार्यालय भवन को रु.९,३२,४१२ र २ वटा झोलुंगे पुलको रु.७,३८,९३८ समेत रु.१६,७१,३५० भुक्तानी भएको देखियो । अत सम्बन्धित आर्थिक वर्ष भित्र भुक्तानी दिन मिल्ने गरी योजना छनौट गरी बजेट विनियोजन गर्नुपर्दछ।

## १५ क्षेत्रगत बजेट र खर्चको स्थितिः

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.सं. | क्षेत्र/ उपक्षेत्र | विनियोजन | खर्च | खर्च (%) | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|---|---|
| १ | आर्थिक विकास | २,५४,००,००० | २,२१,६६,८८४ | ८७.२७ | ४.८२ |
| २ | सामाजिक विकास | २३,३८,५०,००० | २०,०२,८७,०४० | ८५.६५ | ४३.५८ |
| ३ | पूर्वाधार विकास | १५,५८,०५,००० | ११,४७,३६,०७१ | ७३.६४ | २४.९७ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १,०१,०५,००० | ७०,०६,९०१ | ६९.३४ | १.५२ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १३,९०,९९,००० | ११,५३,६६,२४९ | ८२.९४ | २५.१ |
| कुल जम्मा | | ५६,४२,५९,००० | ४५,९५,६३,१४५ | ८१.४४ | १०० |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबैभन्दा घटी १.५२ प्रतिशत र सामाजिक विकासमा सबै भन्दा बढी ४३.५८ प्रतिशत खर्च भएको छ । पालिकाको वस्तुस्थिति र आवश्यकता पहिचान गरी सो अनुसार बजेट विनियोजन तथा खर्च गर्नुपर्दछ ।

## १६ लक्ष्य प्रगति :

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ (१) बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसूचि-२ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरी समिक्षा गर्नुपर्दछ। पालिकाबाट प्राप्त विवरण अनुसार योजनाहरुको वार्षिक प्रगति स्थिति निम्नानुसार रहेको छ । पालिकाको कुल २०० कार्यक्रम तथा योजना मध्ये शुन्य प्रगति भएको ५, ५० प्रतिशत सम्म प्रगति भएको ३ र ७५ प्रतिशत सम्म प्रगति भएको ३ र ७५ प्रतिशत भन्दा बढी प्रगति भएको १८९ कार्यक्रम रहेका छन् । लक्ष्य अनुसार प्रगति हुने गरी कार्यक्रम संचालन गर्नुपर्दछ ।

| कार्यक्रम/ योजना | कुल कार्यक्रम | वार्षिकप्रगति स्थिति | | | | |
|---|---|---|---|---|---|---|
| | | शून्य प्रगति | २५% सम्मप्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति | ७५% भन्दा बढि प्रगति |
| कार्यक्रम संख्या | २०० | ५ | ० | ३ | ३ | १८९ |

## १७ आन्तरिक नियन्त्रण प्रणाली :

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

- एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसूची-११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन,
- कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन,
- यस वर्ष सञ्चालित कार्यक्रम तथा योजनाको कार्यान्वियन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन,
- भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ बमोजिम भ्रमण अभिलेख खाता र नियम १८ बमोजिम भ्रमण प्रतिवेदन राखेको पाईएन,
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्च संरचना तयार गरेको पाईएन,
- वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अद्यावधिक नगरेको ,

● कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको,

● कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित नगरेको,

● ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खर्च खाता राखेको पाईएन।

● सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको,

● सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा आंशिक मात्र पालना भएको ,

● वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको

● सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वियन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय नगरेको,

● वडामा सिफारिस दस्तुर लिदा सिफारिस दस्तुरको चलानी रजिष्टर समेत भिडाई राजस्व दाखिला रकम एकिन गर्नुपर्नेमा चलानी रजिष्टर पेश नभएको,

● प्रदेश आर्थिक ऐन, २०८१ को दफा ९ बमोजिम ढुङ्गा,चुनढुङ्गा, खरिढुङ्गा गिट्टि , ग्राभेल, रोडा , बालुवा (स्वीकृत खानी क्षेत्र बाहेक) को प्रति घनफिट रु.७ का दरले शुल्क पालिकाको आर्थिक ऐनमा समेत व्यवस्था गरी असुल गर्नुपर्नेमा उपभोक्ता समितिबाट निर्माण काममा प्रयोग भएको उक्त सामग्रीको मुल्याङ्कन भएको परिमाण बराबरको रकम असुल गरेको देखिएन।

अतः आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्दछ ।

१८ **सामाजिक सुरक्षा भत्ता वितरणः**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यबिधि तथा महालेखा नियन्त्रक कार्यालयको परिपत्र अनुसार लाभग्राहीको सामाजिक सुरक्षा भत्ता बैंक मार्फत EFT गरी लाभग्राहिको खातामा निकासा गर्नुपर्ने उल्लेख गरेको छ । सम्बन्धितको बैंक खातामा भत्ता भुक्तानी पश्चात लाभग्राहीले आफ्नो आवश्यकता अनुसार रकम झिक्न सक्ने व्यवस्था रहेकोमा पालिकाले बैंकको कर्मचारी तथा कार्यक्रम संयोजकलाई घरदैलो कार्यक्रममा दैनिक भ्रमण भत्ता, गाडी भाडा तथा खानाखाजा खर्च बापत यस वर्ष रु.२,७२,४०० खर्च गरेको छ । लाभग्राहीको खातामा भएको रकम आफ्नो आवश्यकता अनुसार झिक्न सकिनेमा पालिकाले त्रैमासिक रुपमा बैंकको कर्मचारी घरदैलो कार्यक्रम गरी खर्च गर्ने गरेको छ । यस प्रकारको खर्चमा मितव्ययीता कायम गर्नुपर्दछ ।

१९ **अग्रीम करः**

आयकर ऐन, २०५८ को दफा ८८(१) बमोजिम परामर्श सेवा शुल्क भुक्तानी गर्दा पन्ध्र प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ। पालिकाले कानुनी परामर्शदाता आयुश कानुनी सेवालाई रु.९५,००० भुक्तानी गरेको छ । परामर्शदाताले कर बिजक जारी नगरी प्यान बिल जारी गरेकोले १५ प्रतिशतले रु.१४,२५० अग्रिम कर कट्टा गरी भुक्तानी गर्नुपर्नेमा १.५ प्रतिशतले रु.१,४२५ मात्र कट्टा भएकोले नपुग कर रु.१२,२८५ सम्बन्धितबाट असुल गर्नुपर्ने रु...

| | |
|---|---|
| असुल गर्नुपर्ने | १२,२८५ |

२० **सेवा प्रवाहः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसारका सेवाहरु गाउँपालिकाले पालिकावासीलाई प्रदान गर्दछ। आफ्नो कार्यक्षेत्र भित्रका नागरिकता सिफारिस, घरबाटो सिफारिस, नाता प्रमाणित, जन्म दर्ता , मृत्यु दर्ता, विवाह दर्ता, बसाईसराई, विद्युत मिटर सिफारिस, निःशुल्कको लागी सिफारिस लगायत अन्य विभिन्न सेवा प्रवाहको विवरण अद्यावधिक गरी अभिलेखिकरण गर्नुपर्दछ। पालिकाबाट प्रवाहित सेवाहरुको विवरण निम्नानुसार रहेको छ।

| विवरण | जम्मा |
|---|---|
| पञ्जिकरण तर्फ | |
| जन्मदर्ता | ४३३ |
| मृत्युदर्ता | २०१ |
| बसाईसराई दर्ता (आएको१४, गएको३०) | ४४ |
| विवाह दर्ता | २६८ |
| सम्बन्ध विच्छेद दर्ता | ३६ |
| अन्य सिफारिस | ६,८६२ |

पालिकाबाट प्रदान हुने सेवा लिन आएको अवस्थामा बाहेक पनि जनचेतनामा वृद्धि एवं प्रचारप्रसार गरी पंजिकरण तर्फ घटना पश्चात अनिवार्य दर्ता गराउन जागरुक गराउनु पर्दछ ।

२१ **अग्रीम करः**

आयकर ऐन, २०५८ को दफा ८८(१) बमोजिम परामर्श सेवा शुल्क भुक्तानी गर्दा पन्ध्र प्रतिशतका दरले कर कट्टी गर्नु पर्ने व्यवस्था छ। पालिकाले कानुनी परामर्शदाता कानुनी समाज तथा अनुसन्धान केन्द्रलाई रु.८१,६०० भुक्तानी गरेको छ । परामर्शदाताले कर बिजक जारी नगरी प्यान बिल जारी गरेकोले १५ प्रतिशतले रु.१२,२४० अग्रिम कर कट्टा गरी भुक्तानी गर्नुपर्नेमा १.५ प्रतिशतले रु.१,२२४ मात्र कट्टा भएकोले नपुग कर रु.११,०१६ सम्बन्धितबाट असुल गर्नुपर्ने रु...

| | |
|---|---|
| असुल गर्नुपर्ने | ११,०१६ |

२२ **फोटो पुस्तकः**

कुनै कार्यक्रम संचालन गर्दा सोको लाभलागत तथा प्रभावकारीता समेत बिचार गरी संचालन गर्नुपर्दछ । पालिकामा यस वर्ष गन्तव्य मेलुङ फोटो पुस्तक कार्यक्रम स्वीकृत भएकोमा उक्त कार्यको लागि परामर्शदाता टिष्टा कौगडा मिडिया प्रा.लि. छनौट गरी सो कार्य वापत रु.४,९७,२०० भुक्तानी गरेको छ । गन्तव्य मेलुङ फोटो पुस्तक शिर्षकको उद्देश्य अनुसार पालिका भित्रको प्रसिद्ध, धार्मिक तथा पर्यटकीय स्थलहरु फोटो पुस्तकमा उल्लेख हुनुपर्नेमा पालिकाको गतिविधि उल्लेख भएको फोटो पुस्तक छपाई गरेको देखिएकोले उक्त कार्य उद्देश्य बमोजिम भएको देखिएन । परामर्शदातालाई तोकेको कार्य तोकिएको मापदण्ड तथा सिमा भित्र रहि उद्देश्य बमोजिम कार्य नगरेमा भुक्तानी रोक्का राख्ने तथा उक्त कार्य स्वीकार नगर्नुपर्नेमा कार्य पश्चात सो कार्य तोके बमोजिम भए नभएको सम्बन्धमा अध्ययन गरी निर्णय भएको देखिएन । यस्तो कार्यमा सुधार हुनुपर्दछ ।

२३ **व्यक्तिको नाममा भुक्तानीः**

पालिकाले स्वास्थ्य संस्थाहरुलाई संचालन तथा अनुदान निकासा गर्दा सम्बन्धित संस्थाको खातामा निकासा गर्नुपर्दछ । न्यूनतम सेवा मापदण्ड (MSS कार्यक्रम) अन्तर्गत ५ वटा स्वास्थ्य चौकीलाई रु.५०,०००।०० का दरले रु.२,५०,०००।०० अनुदान दिने निर्णय भएकोमा उक्त रकम सम्बन्धित स्वास्थ्य चौकीको खातामा निकासा दिनुपर्नेमा स्वास्थ्य चौकी इन्चार्जलाई बिल भरपाईको आधारमा सोधभर्ना दिएको छ । यसरी स्वास्थ्य संस्थाको अनुदान रकम कर्मचारीलाई भुक्तानी दिने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

| सि.नं. | भौ नंर मिति | सोधभर्नालिनेको नाम | रकम (रु.) |
|---|---|---|---|
| १ | ३४-०८२।१।१९ | श्री गोपाल खत्री | ५०००० |
| २ | ३२-०८२।१।८ | श्री राम बहादुर जोगी | ५०००० |
| ३ | ३०-०८२।१।७ | श्री राजन भण्डारी | ५०००० |
| ४ | २९-०८२।१।७ | श्री मानदास श्रेष्ठ | ५०००० |
| ५ | २८-०८१।१।१९ | श्री उदित ठाकुर | ५०००० |
| | जम्मा | | २,५०,००० |

२४ **दुध चिस्यान केन्द्रलाई अनुदानः**

निश्चित मापदण्ड तथा कार्यविधि स्वीकृत गरी संस्था, फर्म वा लाभग्राहीलाई अनुदान दिनुपर्दछ । पालिकाले दुध चिस्यान केन्द्र स्थापना तथा संचालन गर्न गाईखुरा महिला उद्यमी कृषि सहकारी संस्थालाई आर्थिक वर्ष २०८०।८१ मा सामाग्री खरिदवापत रु.१६,४३,२५२।०० तथा आ. व. २०८१।८२ मा संचालन खर्च रु.५,००,०००।०० गरी कुल रु.२१,४३,२५२।०० अनुदान दिएको देखियो । सहकारीले पेश गरेको आय-व्यय विवरण अनुसार यस वर्ष संचालन खर्च रु.५,१२,३७०।०० तथा दुध खरिदमा रु.२,५४,६४०।०० खर्च गरेकोले चिस्यान केन्द्रको उद्देश्य बमोजिमको कार्य भन्दा संचालन लागत बढी देखिएकोले केन्द्रको संचालन मितव्ययी तथा प्रभावकारी देखिएन् । साथै अनुदान रकम निश्चित लागत सहभागितामा दिनुपर्नेमा शत प्रतिशत संचालन खर्च पालिकाले व्यहोरेको देखियो । अनुदान रकम सम्बन्धी कार्यविधि तयार गरी सोही बमोजिम कार्यक्रम गर्नेतर्फ ध्यानदिनुपर्दछ ।

२५ **खर्च बिश्लेषणः**

पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रु. ५९,४४,४१९।००, संघीय तथा प्रदेश राजस्व बाँडफाँड र अनुदानबाट रु. ४६,४४,८७,१११।०० तथा गत वर्षको जिम्मेवारी रु.६८७,२१,१२८।९६ समेत रु. ५३,३२,०८,२४०।०० आम्दानी भएकोमा चालु तर्फ रु. ३१,८४,१७,२३०।१० र पुँजिगत तर्फ रु. १४,११,४५,९१५।०० समेत रु. ४५,९५,६३,१४५।३२ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.२९ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु. ६३,७२,०००।०० खर्च भएको छ जुन आन्तरिक आयको १०७.१९ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६९.२९ प्रतिशत चालु र ३०.७१ प्रतिशतमात्र पूँजी निर्माणमा खर्च भएको देखिन्छ । यसबाट विकास निर्माण कार्यक्रम सञ्चालनमा भन्दा प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

२६ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन। स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ।

२७ **वित्तिय विवरण**

२७.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । गाउँपालिकाले २०७९।८।२० मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ।पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०-०१) अनुसूचीमा संलग्न छ ।

**(विस्तृत विवरण बेरूजु दफा २७.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२७.२ पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१२,२५,३०,८२७।०० सुत्रमा लेखाङ्कन छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार एकीकृत वार्षिक प्रतिवेदन( म.ले.प.फा.न. २७०) मा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

२७.३ पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । सुत्रको प्राप्ती तथा भुक्तानी (म.ले.प.फा.नं २७०-१) अनुसार आर्थिक वर्ष २०८०।८१ मा रु. ७,२०,०६,७१२.२८ मौज्दात रहेकोमा यो वर्ष रु. ७,१२,४२,९५०.०६ जिम्मेवारी सारेको छ । जस अनुसार रु. ७,६३,७६२.२२ घटी जिम्मेवारी सारेको छ भने एकीकृत आय व्ययमा गत बर्षको मौज्दात रु.६,८७,२१,१२८.९६ रहेको र सोही मौज्दात यस बर्ष जिम्मेवारी सारेको छ । सो सम्बन्धमा यकीन गरी हिसाव मिलान गर्नुपर्दछ ।

२७.४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाको वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ:

| टिप्पणी ६.३ श्रेस्ता तथा बैक मौज्दातको विवरण | | |
|---|---|---|
| खाताको प्रकार | श्रेस्ता अनुसार बाकी रु | बैंक अनुसार बाकी रु |
| ग १.१, आन्तरिक राजस्व खाता | ० | ० |
| ग १.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | ० |
| ग १.३, आन्तरिक अनुदान खाता | ० | ० |
| ग २.२, चालू खर्च खाता- जोर वर्ष | ० | ० |
| ग २.४, पुँजीगत खर्च खाता- जोर वर्ष | ० | ० |
| ग २.७, विविध खर्च खाता | २२,०१,१५५ | २२,०१,१५५ |
| ग ३.१, स्थानीय तह धरौटी खाता | १,०५,०३,१४० | १,०५,०३,१४० |
| ४.१, स्थानीय तह सञ्चित कोष खाता | ३,१६,८९,५९५ | ३,१६,८९,५९५ |
| जम्मा | ४,४३,९३,८९० | ४,४३,९३,८९० |

पालिकाको सुत्र (SuTRA) को मौज्दात रु. ४,४३,९३,८९० रहेकोमा एकीकृत आय-व्यय विवरणमा रु.४,४६,१८,०९४।३० देखिएकोले रु.२,२४,२०४।३० शुत्रको मौज्दात भन्दा एकीकृत आय-व्यय विवरणको मौज्दात बढी देखिएको सम्बन्धमा पालिकामा रहेको प्रकोप कोष खातामा रकम मौज्दात रहेको तर सुत्रमा लेखाङ्कन नभएको र गत विगत देखि नै कारोबार समेत नभएकोले फरक देखिएको जनाएको छ । पालिकामा रहेको हरेक कोष सुत्रमा आवद्ध गरी हिसाब मिलान गर्नुपर्दछ ।

२८ **परामर्श तथा डीपीआर खर्च**

बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना/ डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्दछ । पालिकाले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।
यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै प्रतिवेदन कार्यान्वियनमा समेत गएको छैन । अतः परामर्श सेवा प्रतिस्पर्धात्मक रुपले खरिद गरी प्रतिवेदन कार्यान्वियनमा लैजानुपर्दछ ।

| सि.नं. | कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत | हाल आयोजनाको अवस्था |
|---|---|---|---|---|---|---|
| १ | वार्ड नं.३ को वडा कार्यालय भवनको डि.पि.आर. | क्रिटिकल एक्सिस इन्जिनियरिङ् सोलुसन प्रा.लि. | ५,००,००० | ४,८२,२२७ | ३,९८,३२,७६२ | निर्माणको लागि बजेट विनियोजन भएको |
| २ | बुद्ध पार्क, मेलुङ गा पा-३ को डि.पि.आर. | क्वालिफाइड कन्सल्टेन्सी प्रा.लि. | ५,००,००० | ४,७५,००० | २,५४,५०,०२७ | निर्माणको लागि बजेट विनियोजन भएको |
| | जम्मा: | | १०,००,००० | ९,५७,२२७ | ६,५२,८२,७८९ | |

२९ **मिनि टिलर वितरणः** (२७३ र ४१३-2081-11-02):

अनुदान वितरण निश्चित मापदण्ड तथा कार्यविधि निर्धारण गरी लाभग्राही छनोट तथा अनुदान वितरण गर्नुपर्दछ । पालिकाले १८ थान मिनिटिलर खरिद गरि रु.८,९१,०००।०० भुक्तानी गरेको छ । उक्त मिनिटिलर वितरणको लागि लाभग्राही छनौट गर्न निवेदन माग गरेकोमा लाभग्राहीले ५० प्रतिशत अनुदानमा लिन इच्छुक भएको उल्लेख गरे अनुसार मिनिटिलरको लागतको ५० प्रतिशत असुल गरी वितरण गर्नुपर्नेमा शत प्रतिशत पालिकाबाट अनुदानमा बितरण गरेको छ । लाभग्राहीले स्वीकार गरेको अनुदान अनुपात भन्दा बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु....

| सि.नं. | ट्याकटरबुझ्ने | प्रतिट्याकटरको मुल्य (रु.) | ५०प्रतिशतले हुने रकम (रु.) |
|---|---|---|---|
| १ | श्री दिलिप योगी | ४९५०० | २४७५० |
| २ | श्री आशिक मगर | ४९५०० | २४७५० |
| ३ | श्री पातलि थापा खड्का | ४९५०० | २४७५० |
| ४ | श्री कृष्ण बहादुर खड्का | ४९५०० | २४७५० |
| ५ | बाबुराम कार्की | ४९५०० | २४७५० |
| ६ | श्री तोरण बहादुर खड्का | ४९५०० | २४७५० |
| ७ | श्री रामजी भण्डारी | ४९५०० | २४७५० |
| ८ | श्री विकाश थापा मगर | ४९५०० | २४७५० |
| ९ | श्री गोकुल थामी | ४९५०० | २४७५० |
| १० | श्री यम बहादुर कार्की | ४९५०० | २४७५० |
| ११ | श्री दुर्गा बहादुर खड्का | ४९५०० | २४७५० |
| १२ | श्री हरि बहादुर श्रेष्ठ | ४९५०० | २४७५० |
| १३ | श्री गोकर्ण बहादुर खड्का | ४९५०० | २४७५० |
| १४ | श्री देव कार्की सहित ५ जना | ४९५०० | २४७५० |
| १५ | श्री लेखनाथ भण्डारी | ४९५०० | २४७५० |
| १६ | श्री बल बहादुर खड्का | ४९५०० | २४७५० |
| १७ | श्री सुरेन्द्र भण्डारी | ४९५०० | २४७५० |
| १८ | श्री राम बहादुर जोगी | ४९५०० | २४७५० |
| | जम्मा | | ४,४५,५०० |

| असुल गर्नुपर्ने | ४,४५,५०० |
|---|---|

३० **सहकारी अनुगमनः**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मार्फत दाखिला गर्नु पर्ने व्यवस्था छ । पालिकाले उपलब्ध

गराएको विवरण अनुसार पालिका भित्र ५१ वटा सहकारी संस्थाको सदस्य संख्या, शेयर पुँजी, बचत, ऋण लगानी र जगेडा कोषको अवस्था निम्नानुसार रहेका छन् ।

| सहकारी संस्थाको किसिम | सहकारी संख्या | सदस्य संख्या | शेयरपूँजी रु. | बचत रु. | ऋण लगानी रु. | जगेडा कोष रु. |
|---|---|---|---|---|---|---|
| वचत तथा ऋण सहकारी संस्था लि. | २१ | ७,५५५ | ८१,१८,००५ | १४,७३,२६,७९७ | १३,१०,४६,५७२ | ४३,५८,३०२ |
| बहुउदेश्यीय सहकारी संस्था लि. | ४ | १,१५० | २,८७,६०० | ७,५१,४२,३७५ | ५,९४,७९,८१५ | ८,५९,३३४ |
| कृषि सहकारी संस्था लि. | २२ | ४,९३७ | ७५,०१,१४२ | २,६१,३६,४५० | २,८६,५७,५३० | १६,१७,०९० |
| अन्य | ४ | १०० | २०,००० | ० | ० | ० |
| जम्मा | ५१ | १३,७४२ | १,५९,२६,७४७ | २४,८६,०५,६२२ | २१,९१,८३,९१७ | ८६,३४,७२६ |

पालिकाले पेश गरेको विवरण अनुसार ५१ मध्ये ३४ वटा निस्कृय र १७ वटा सहकारी संस्थाहरु सक्रिय रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । निष्कृय १७ सहकारीको सदस्य संख्या ४४८, सेयर पुँजी रु. ५,४०,१००, बचत रु. १,९३,२४० र ऋणा लगानी रु. १,०४,२०० रहेको विवरण पेश भएको छ । सबै सहकारी संस्थाहरुले पासवर्ड लिए पनि COPOMIS बाट मासिक रुपमा विवरण भरेको छैनन् । कर्मचारी अभाव, क्षमतामा कमी लगायत कारण विवरण पेश नभएको पालिकाले जनाएको छ। ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नुपर्दछ । साथै सहकारीको अनुगमन तथा सहजीकरण गरी प्रभावकारी रुपमा संचालनको व्यवस्था मिलाउनुपर्दछ ।

३१ **एम्बुलेन्स संचालनः**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ मा स्थानीय तहले आफूले उठाएको राजश्व तथा आयबाट प्राप्त रकम स्थानीय संचित कोषमा राख्नुपर्ने व्यवस्था रहेको छ। पालिकाको स्वामित्वमा दुई एम्बुलेन्स संचालन गर्न गठन भएको २ वटा संस्थालाई यस बर्ष संचालन अनुदान दिएको छ । उक्त संस्थाले पेश गरेको लेखापरीक्षण प्रतिवेदनमा अनुदान रकम मध्ये रु.६,६१,४९० मौज्दात रहेको देखिएको छ । अनुदान रकम खर्चको आधारमा दिने वा मौज्दात भएको रकम आर्थिक वर्षको अन्त्यमा फिर्ता माग गर्नुपर्ने देखिन्छ । उक्त संस्थाले पेश गरेको लेखापरीक्षण प्रतिवेदन अनुसार आय व्यय देहायअनुसार रहेको छ ।

| सि नं | संस्था | गत वर्षको मौज्दात | आम्दानी | गा पा अनुदान | जम्मा आम्दानी | खर्च | मौज्दात |
|---|---|---|---|---|---|---|---|
| १ | मेलुङ स्वास्थ्य चौकी एम्बुलेन्स सेवा संचालन समिति | ३,६६,४९७ | ५,०७,३७५ | ५,००,००० | १३,७३,८७२ | ८,०४,९५३ | ५,६८,९१९ |
| २ | एम्बुलेन्स संचालन समिति | २,५२,५७१ | १,६४,००० | ५,००,००० | ९,१६,५७१ | ८,२४,००० | ९२,५७१ |

३२ **कृषि तथा पशु विकासमा आधारित किसान तथा युवा उद्यमशिलता साझेदारी परियोजना (हेफर प्रोजेक्ट नेपाल)**

३२.१ पालिकाले हेफरसँग कृषि तथा पशु उद्यमशिलता विकास परियोजना सञ्चालनको लागि तीन वर्षको लागि सम्झौता गरेको मध्ये पालिकाबाट गर्ने खर्च मध्ये हेफरलाई किस्तामा ३ किस्तामा रू. १,०५,००,०००/- उपलब्ध गराएको छ। पालिकामा रहेका स्थाई दरबन्दी भित्रको कृषि शाखाबाट सम्पादन गर्नुपर्ने नियमित काम उक्त गैरसरकारी संस्थालाई भुक्तानी गर्ने गरी सम्झौता गरेको उचित देखिएन ।

३२.२ पालिकाले सम्पादन गर्नुपर्ने कार्यक्रमहरु जस्तो बाख्रा वितरण, खोर सुधार, घाँसको विउ वितरण तथा सचेतनासम्वन्धि तालिम कार्यक्रमहरुलाई व्यवस्थापन गर्न दरवन्दी अनुसार कृषि तथा पशु प्राविधिक कार्यरत रहेको, कृषि तथा पशु सेवामा योगदान पुर्‍याउन एक पालिका एक प्राबिधिक को छुट्टै व्यवस्था गरिएकोमा यस्ता कार्यक्रमहरु कार्यालयका कर्मचारीहरुवाट नै नगराई परमर्शदाताको खोजीगरि हेफर प्रोजेक्ट नेपालबाट गराईनु युक्तिसंगत देखिएन। अत पालिकाका कृषि प्राविधिकबाट सम्पादन हुने पालिका भित्रका कामलाई पालिकाले समानिकरण अनुदानबाट गैरसरकारी संस्थालाई भुक्तानी गरेकोले लाभलागत विश्लेषण गरी खर्च गर्नुपर्ने देखिन्छ ।

३२.३ पालिका र हेफर नेपाल बीच भएको सम्झौता भएकोमा शत प्रतिशत कार्य सामुदायिक विकास मंच मार्फत गराएको छ। हेफर नेपाल संस्थावाट मार्फत सम्झौताको शत प्रतिशत कार्य गराई भुक्तानी लिएको पाईयो। सम्झौताअनुसार संचालित कार्यक्रमको कार्यक्रम व्यवस्थापन तथा अनुगमन समितिले व्यवस्थापन कार्यविधि, २०७७ बमोजिम चौमासिक रुपमा अनुगमन तथा मूल्याङ्कन गर्ने र कार्यक्रमको अन्तिम भुक्तानी हुनुअघि पालिका स्तरीय अनुगमन तथा मूल्याङ्कन समितिले कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने व्यवस्था रहेकोमा पालिकावाट स्थलगत अनुगमन सहित कमि कमजोरी भएकोमा सुधार गर्न लगाउने गरी प्रतिवेदन तयार भएको छैन।

३२.४ परियोजनाको प्रगति प्रतिवेदनमा क्रियाकलाप सम्पादन भएको र त्यसबाट आएको उपलब्धी र सो कार्यक्रमले पारेको प्रभावलाई समेत समेटी हेफर संस्थाले पालिकामा पेश गर्नुपर्ने व्यवस्था छ। हेफर प्रोजेक्ट नेपालले यस कार्यक्रम वाट प्राप्त उपलब्धी र पारेको प्रभाव प्रतिवेदनमा समेटी पालिकामा पेशगर्ने गरेको देखिएन। उपलब्धी र प्रभावलाई मापन गर्ने वस्तुगत आधार तथा मापदण्ड तयार नगरी सम्झौता भएको छ। यसले गर्दा कार्यक्रम सञ्चालन पूर्व लक्षित परिवारहरुको कृषि तथा पशुवस्तुहरुको उत्पादन वृद्धि गरी रोजगारमूलक उद्यमशिल र मर्यादित कृषि व्यवसायको विकास को बास्तविक अवस्था एकिन गरेको छैन् भने कार्यक्रम सञ्चालन पश्चात कृषि तथा पशुवस्तुहरुको उत्पादन वृद्धि गरी रोजगारमूलक, उद्यमशिल र मर्यादित कृषि व्यवसायको विकासमा के कस्तो सुधार तथा परिवर्तन भयो विश्लेषण गर्न सक्ने अवस्था रहेन। वस्तुगत आधार तथा मापदण्ड तयार नगरी कार्यक्रम सञ्चालन गर्नाले सरकारी खर्चको प्रतिफल र गुणस्तरमा आस्वस्त हुन सकिएन । यसमा सुधार हुनुपर्दछ ।

३३ **छुट दिवा खाजाः**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को नियम ३९(१४) मा दायित्व सिर्जना भई भुक्तानी दिन बाँकीको विवरण प्रमाणित गराई चालु आर्थिक बर्षमा भुक्तानी गर्न सकिने व्यवस्था छ। पालिकाले निम्नानुसारका विद्यालयहरुमा विद्यार्थीहरुको आ. ब. २०८०।८१ को छुट दिवा खाजा भनी आ. ब. २०८१।८२ मा रु.१,४३,२३५ भुक्तानी गरेको छ। तर भुक्तानी बाँकीको कच्चावारी प्रमाणीत गरेको देखिएन । यसबाट भुक्तानी बाँकी हो वा होईन एकिन हुँदैन । भुक्तानी बाँकीको कच्चावारी प्रमाणीत नगरी भुक्तानी दिएकोले नियमसम्मत नदेखिएको रु.

| सि नं | रकम पाउने विद्यालयको नाम | रकम रु. |
|---|---|---|
| १ | श्री भिम माध्यामिक विद्यालय | २७१८० |
| २ | श्री भुमेश्वर माध्यामिक विद्यालय | २६५५० |
| ३ | श्री दुधिले भन्ज्याङ आधारभुत विद्यालय | ३१२०० |
| ४ | श्री इन्द्रावती आधारभुत विद्यालय | २७१५० |
| ५ | श्री पाखेडाडा आधारभुत विद्यालय | ३११५५ |
| जम्मा | | १,४३,२३५ |

| अनियमित भएको | १,४३,२३५ |
|---|---|

३४ **नमुना विद्यालयः**

शिक्षा तथा मानब स्रोत विकास केन्द्रद्वारा प्रकाशित कार्यक्रम कार्यान्वियन कार्यविधि क्रियाकलाप नं २.७.१३.१३ को बुँदा ९.१ मा विद्यालयलाई स्वीकृत निर्देशिकामा उल्लेखित विद्यालयलाई स्वीकृत गुरुयोजनाका आधारमा निर्माण गरिएको वार्षिक कार्यान्वियन योजना अनुसार नमुना विद्यालय विकास एवम् सञ्चालन निर्देशिका,२०७४(संसोधनसहित) मा उल्लेखित तत्कालीन रुपमा शैक्षिक सुधार हुने क्रियाकलाप निर्धारण गरी शैक्षिक पूर्वाधारहरु, छात्रावास व्यवस्थापन, शैक्षिक सुशासनका न्यूनतम सर्त पूरा गर्ने लगायतका कार्यक्रम गर्न भौतिक पूर्वाधार विकासका लागि विनियोजित बजेटको कार्य प्रगतिसहितको प्रस्ताव विद्यालयबाट पेस गर्न लगाउने साथै चालु आर्थिक वर्षमा सम्पादन गर्ने कार्यक्रम निर्धारण गरी स्थानीय तह र विद्यालयबिच सम्झौता गरी उल्लेखित विद्यालयका लागि रु.३० लाख अनुदान

उपलब्ध गराउने व्यवस्था छ । कार्यालयले आ.व. २०८१/८२ मा श्री त्रिभुवन माध्यामिक विद्यालयलाई रु.२९,२२,४७५ लाख भुक्तानी गरेको पाईयो । पालिकाद्वारा प्रदान गरिएको अनुदान रकमबाट भए गरेको कामको अनुगमन हुनुपर्दछ।

## ३५ विध्यालय पुस्तकालय प्रयोगशाला तथा ICT व्यवस्थापन अनुगमन प्रतिवेदनः

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत शिक्षा तथा मानब श्रोत विकास केन्द्रद्वारा जारी कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१/८२ क्रियाकलाप नं २.७.१३.१३ को ९.१ मा विद्यालयमा शैक्षिक गुणस्तर सुदृढिकरण एवं कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान बापत छनौट भएका विद्यालयहरुलाई विज्ञान प्रयोशाला अनुदान बापत प्रति विद्यालय रु. ६,५०,०००।०० प्रदान गर्ने व्यवस्था छ । पालिकाले विल भरपाईको आधारमा उक्त अनुदान प्रदान गरेमा विज्ञान प्रयोगशाला स्थापना सम्बन्धमा अनुगमन तथा अनुदानको प्रभावकारिताबारे अनुगमन गरेको छैन् । पालिकाले अनुदान रकमको उपयोग सम्बन्धमा अनुगमन गर्नुपर्दछ ।

| क्र.सं. | विद्यालयको नाम | शिर्षक/कार्यक्रम | निकासा |
|---|---|---|---|
| १ | श्री पाखेडाडा माध्यामिक विद्यालय | विज्ञान प्रयोगशाला अनुदान | ६,५०,००० |
| २ | श्री दियालेखर्क आधारभुत विद्यालय | विज्ञान प्रयोगशाला अनुदान | ६,५०,००० |
| ३ | श्री भङ्गेरी माध्यमिक विद्यालय | विज्ञान प्रयोगशाला अनुदान | ६,५०,००० |
| **जम्मा** | | | **१९,५०,०००** |

## ३६ शिक्षक दरवन्दी र पदपूर्तिः

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । गाउँपालिका अन्तर्गत विभिन्न तहका सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| विद्यालयको संख्या | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये स्थायी | पदपूर्ति मध्ये करार | राहात | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|---|
| ३४ | २०६ | १९१ | १३१ | २० | ४० | २,६१७ |

## ३७ शिक्षक तथा विद्यालय व्यवस्थापन

शिक्षा नियमावली, २०५९ को नियम ४ बमोजिम विद्यालय खोल्नको लागि सामुदायिक विद्यालयको पुर्वाधार अनुसूचि-३ को (ठ) बमोजिम प्रतिकक्षा विद्यार्थी सङ्ख्या हिमाली क्षेत्रमा ४०, पहाडी क्षेत्रमा ४५ र तराइ क्षेत्रमा ५० हुनुपर्ने उल्लेख छ। पालिकाले उपलब्ध गराएको विवरण अनुसार जम्मा ३४ वटा विद्यालयमा शिक्षक दरबन्दी २०६ रहेकोमा पदपूर्ति १९१ रहेको छ भने विद्यार्थी संख्या २,६१७ रहेको देखिन्छ । विद्यालयको शिक्षक संख्या, विद्यार्थी संख्या, कुल खर्च (पुँजिगत समेत) र प्रति विद्यार्थी खर्चको विवरण देहाय बमोजिम रहेको छ । पालिकाको विद्यार्थी शिक्षक अनुपात हेर्दा सबै भन्दा बढी पाखेडाँडा आ.वि.,मेलुङ-५ को १९, सबै भन्दा कम कालीदेवी आ.वि., मेलुङ-४ को ५ र औषत अनुपात १:१२ रहेको देखिन्छ । शिक्षक विद्यार्थी अनुपात मिलाउन विद्यालय मर्ज गर्ने र भौगोलिक कठिनाइले सम्भव नभएकोमा कक्षा संख्या घटाइ शिक्षक व्यवस्थापन गर्नुपर्दछ ।

| सिनं. | विद्यालयको नाम र ठेगाना | शिक्षक संख्या | विद्यार्थी संख्या | विद्यार्थी शिक्षक अनुपात | कुल निकासा रकम (रु.) | प्रति विद्यार्थी खर्च (रु.) |
|---|---|---|---|---|---|---|
| १ | विन्धवासिनी आ.वि.,मेलुङ १ | ७ | ८४ | १२ | ४३४४८७७ | ५१७२५ |
| २ | जनता आ.वि., मेलुङ १ | २ | १७ | ९ | १४७२३५६ | ८६६०९ |
| ३ | ज्यामिरवोटे आ.वि., मेलुङ १ | १ | ११ | ११ | ११४६९०६ | १०४२६४ |
| ४ | भंगेरी मा वि., मेलुङ १ | ११ | ८९ | ८ | ७९१७६५५ | ८८९६२ |
| ५ | दियालेखर्क आ.वि., मेलुङ १ | ६ | ५४ | ९ | ४३१७७३९ | ७९९५८ |
| ६ | सिम्टे आ.वि., मेलुङ १ | ३ | ३९ | १३ | २०२८३४४ | ५२००९ |
| ७ | सत्यश्वर मा.वि., मेलुङ १ | १५ | २५४ | १७ | १०७४६०१३ | ४२३०७ |
| ८ | सरस्वती बा वि के, मेलुङ २ | २ | ७ | ४ | ४३९३८० | ६२७६९ |
| ९ | कालिका मा वि , मेलुङ २ | ११ | १२५ | ११ | ९४८५२१६ | ७५८८२ |
| १० | लोकतान्त्रिक आ.वि., मेलुङ २ | २ | १७ | ९ | १८८१९७९ | ११०७०५ |
| ११ | सेतीदेवी आ.वि.,मेलुङ २ | २ | १९ | १० | १४३१६६१ | ७५३५१ |
| १२ | जनजागृती आ.वि.,मेलुङ २ | २ | १२ | ६ | १४४४३१२ | १२०३५९ |
| १३ | लक्ष्मी मा.वि.,मेलुङ ३ | १२ | ७९ | ७ | ९३९११५७ | ११८८७५ |
| १४ | भूमेस्थान मा.वि., मेलुङ ३ | ११ | १९८ | १८ | ८६६७१३९ | ४३७७३ |
| १५ | चरणवती आ.वि.,मेलुङ ३ | ५ | १०५ | २१ | ४४८९२९५ | ४२७५५ |
| १६ | आहालडाँडा आ.वि.,मेलुङ ४ | १ | ९ | ९ | ७०१६१२ | ७७९५७ |
| १७ | भीम मा.वि., धनुके मेलुङ ४ | ८ | १३२ | १७ | ६७१५०८७ | ५०८७२ |
| १८ | चित्रे आ.वि., मेलुङ ४ | १ | १३ | १३ | १०२१२४४ | ७८५५७ |
| १९ | कालीदेवी आ.वि., मेलुङ ४ | ४ | २० | ५ | २९२९१०३ | १४६४५५ |
| २० | ढुङ्ग्रेदेबी आ.वि.,मेलुङ ४ | २ | १८ | ९ | १५९४५१७ | ८८५८४ |
| २१ | सिद्धेश्वरी आ.वि.,मेलुङ ४ | १ | १२ | १२ | ८७५५३९ | ७२९६२ |
| २२ | भीम मा वि बुद्चोधक.,मेलुङ ४ | १० | ९६ | १० | ६८२७७३८ | ७११२२ |
| २३ | जुके मा.वि., मेलुङ ४ | ९ | ७१ | ८ | ६७५००३३ | ९५०७१ |
| २४ | पाखेडाँडा आ.वि.,मेलुङ ५ | ६ | ११४ | १९ | ४५६२७५१ | ४००२४ |
| २५ | दुदिले भञ्याङ आ.वि, मेलुङ ५ | २ | ३५ | १८ | १९९०७६४ | ५६८७९ |
| २६ | डाडाखर्क मा.वि.,मेलुङ ५ | १५ | ३४८ | २३ | ११२०३९६१ | ३२१९५ |
| २७ | त्रिभुवन मा.वि., मेलुङ ६ | १५ | २५४ | १७ | ११९६८४९५ | ४७१२० |
| २८ | इन्द्रावती आ.वि.,मेलुङ ६ | २ | २५ | १३ | १८५००६७ | ७४००३ |
| २९ | श्री निगासे आ.वि.,मेलुङ ६ | २ | २२ | ११ | १६९१९७३ | ७६९०८ |
| ३० | कर्णाकाली आ.वि., मेलुङ ७ | १ | ८ | ८ | ९५५२७८ | ११९४१० |
| ३१ | सेतीदेबी आ.वि.,मेलुङ ७ | २ | २८ | १४ | १७४३३९५ | ६२२६४ |
| ३२ | भीमेन्द्र आ.वि,मेलुङ ७ | ४ | ४५ | ११ | ३३७१५४२ | ७४९२३ |
| ३३ | आजादी मा.वि.,मेलुङ ७ | १३ | २४० | १८ | ९३४०४५९ | ३८९१९ |
| ३४ | श्यामटार आ.वि.,मेलुङ ७ | १ | १७ | १७ | ८५४४५५ | ५०२६२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | जम्मा | १९१ | २६१७ | १३ | १४,६१,५२,०४२ | ५५,८४७ |

३८ **निःशुल्क पाठ्यपुस्तकमा बढी निकासाः**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२०** को निर्णयले रू **५५६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२०** को निर्णयले रू **२,३६७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२०** को निर्णयले रू **४,३३९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२०** को निर्णयले रू **३६,४३३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२०** को निर्णयले रू **१,६९४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२०** को निर्णयले रू **१,१७७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२०** को निर्णयले रू **१,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२०** को निर्णयले रू **२,३१०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२०** को निर्णयले रू **१,६७०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२०** को निर्णयले रू **४,५१३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२०** को निर्णयले रू **९२४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२०** को निर्णयले रू **५५६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२०** को निर्णयले रू **५५६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२०** को निर्णयले रू **९२४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२०** को निर्णयले रू **२,५९७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२०** को निर्णयले रू **३,८४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२०** को निर्णयले रू **१,७८६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२०** को निर्णयले रू **१३,५३८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

३९ **दिवा खाजामा बढी निकासाः**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२०** को निर्णयले रू **४,३३५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-६** को निर्णयले रू **२०,७९०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२०** को निर्णयले रू **८,८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-६** को निर्णयले रू **१४,८९५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२०** को निर्णयले रू **१२,८४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-६** को निर्णयले रू **१२,३७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-६** को निर्णयले रू **२०,५०५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-६** को निर्णयले रू **६,७७०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-६** को निर्णयले रू **६,९९०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-६** को निर्णयले रू **११,९१०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२०** को निर्णयले रू **६,१३५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-६** को निर्णयले रू **४,१८५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-६** को निर्णयले रू **३०,१९५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-६** को निर्णयले रू **५५,८१५**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२०** को निर्णयले रू **१६,०८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

४० **स्यानिटरी प्याड वितरणः**

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ । साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक, चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ । पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु ७०६ जना रहेका छन । पालिकाले आ. ब. २०८१।८२ मा स्यानिटरी प्याड ७,०७९ थान रु. ८,४७,९२२ मा खरिद गरेकोमा गुणस्तर परिक्षण प्रतिवेदन संलग्न भएको देखिएन । गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गरि वितरण गर्ने, सुरक्षित रुपमा भण्डारण गर्नुपर्ने तथा विद्यालयमा अनुगमन गरी प्रयोग र सुरक्षित भण्डारणबारे प्रतिवेदन गर्नुपर्दछ।

४१ **समानिकरणबाट शिक्षकलाइ तलबः**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । त्यस्तै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं.२०७७।७८, च.नं.५६३ मिति २०७८।३।३० को वित्तीय समानिकरण अनुदान प्रयोग सम्वन्धमा भएको परिपत्र तथा अर्थ मन्त्रालयको प.सं.२०७७।७८, च.नं.१२१ मिति २०७८।३।२७ मा गरेको परिपत्र अनुसार अर्थ मन्त्रालयको २०७८।३।२५ को निर्णयले वित्तीय सामानिकरण अनुदानको रकमबाट करार सेवामा मासिक पारिश्रमिक भूक्तानी गर्ने जस्तो प्रशासनिक खर्च गर्न नमिल्ने उल्लेख छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट तलब भत्ता भुक्तानी, बाल विकास सहजकर्ता तथा विद्यालय कर्मचारीलाई पारिश्रमिक बापत रु. ३१,६५,८६६.६७ खर्च गरेको छ ।

| क्र.सं. | मिति | भौ. नं. | कार्यक्रम /क्रियाकलापको नाम | विवरण | रकम रु |
|---|---|---|---|---|---|
| १ | ०६/०९/२०८१ | ८ | विद्यालय कर्मचारी तथा बाल विकास सहजकर्ताको पारिश्रमिक | बिद्यालय कर्मचारी र बाल विकास सहजकर्ताको पहिलो त्रैमासिक तलव भत्ता भुक्तानी | १६,७६,८६६.६७ |
| २ | ०९/२४/२०८१ | २२ | विद्यालय कर्मचारी तथा बाल विकास सहजकर्ताको पारिश्रमिक | बिद्यालयहरुलाई कार्तिक पौष महिनाको तलब र बिद्यार्थी संख्याका आधारमा अनुदान निकासा | ३,१२,५००.०० |
| ३ | १२/०८/२०८१ | ४२ | विद्यालय कर्मचारी तथा बाल विकास सहजकर्ताको पारिश्रमिक | बालबिकास र विद्यालय कर्मचारीको तेस्रो त्रैमासिक निकासा | ९,००,०००.०० |
| ४ | ०२/२८/२०८२ | ५८ | विद्यालय कर्मचारी तथा बाल विकास सहजकर्ताको पारिश्रमिक | बिद्यालय कर्मचारी र बाल बिकास सहजकर्ताको चौथो त्रैमासिक निकासा | २,७६,५००.०० |
| | | | जम्मा | | ३१,६५,८६६.६७ |

४२ **सामानिकरणबाट चालु खर्चः**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं.२०७७।७८, च.नं.५६३ मिति २०७८।३।३० को वित्तीय समानीकरण अनुदान प्रयोग सम्वन्धमा भएको परिपत्र तथा अर्थ मन्त्रालयको प.सं.२०७७।७८, च.नं.१२१ मिति २०७८।३।२७ को परिपत्र अनुसार अर्थ मन्त्रालयको २०७८।३।२५ को निर्णयले वित्तीय सामानीकरण अनुदानको रकमबाट चालु प्रकृतिको खर्च गर्न नहुने उल्लेख छ । पालिकाले निम्नानुसारको वित्तीय समानीकरण अनुदानबाट रु.५२,१३,५७८।०० चालु प्रकृतीको खर्च गरेकोले यस प्रकारको खर्चमा नियन्त्रण हुनुपर्दछ।

| सि नं. | खर्च शिर्षक | स्रोत | बजेट (रु.) | खर्च (रु.) |
|---|---|---|---|---|
| १ | स्थानीय भत्ता | बागमती प्रदेश - समानीकरण अनुदान | २,००,००० | १४,६१० |
| २ | संचार महशुल | नेपाल सरकार - समानीकरण अनुदान | ३,००,००० | ४१,००० |
| ३ | इन्धन ( पदाधिकारी) | नेपाल सरकार - समानीकरण अनुदान | ९,००,००० | ४,९५,१५६ |
| ४ | इन्धन ( कार्यालय प्रयोजन) | नेपाल सरकार - समानीकरण अनुदान | ४,००,००० | ३,९९,४२७ |
| ५ | सवारीसाधन मर्मत खर्च | नेपाल सरकार - समानीकरण अनुदान | ५,००,००० | ४,९९,४४५ |
| ६ | ब्याक हो लोडर सञ्चालन तथा व्यवस्थापन कोष | नेपाल सरकार - समानीकरण अनुदान | ८,००,००० | ८,००,००० |
| ७ | नीत तथा ऐन संग्रह छपाई | नेपाल सरकार - समानीकरण अनुदान | १०,००,००० | ९,०८,६२० |
| ८ | जेष्ठ नागरिक सम्मान कार्यक्रम | बागमती प्रदेश - समानीकरण अनुदान | ५,००,००० | ५,००,००० |
| ९ | सामाजिक सुरक्षा भत्ता वितरण सहजीकरण | नेपाल सरकार - समानीकरण अनुदान | ३,००,००० | २,९६,३२० |
| १० | ३५ दिनभित्र मृत्युदर्ता गराउनेलाई किरिया खर्च सहायता | नेपाल सरकार - समानीकरण अनुदान | १०,००,००० | ७,६५,००० |
| ११ | ३५ दिनभित्र जन्मदर्ता गराउनेलाई सुत्केरी प्रोत्साहन भत्ता | नेपाल सरकार - समानीकरण अनुदान | १०,००,००० | ४,१५,००० |
| | जम्मा | | ६९,००,००० | ५२,१३,५७८ |

४३ **सेवा प्रवाहः**

जनताको आधारभुत सेवा सुविधा स्थानीयस्तरमा नै सेवा प्रवाह गर्ने अवधारणा सहित स्थानीय सरकारको गठन भएको छ । विविध कारणले अन्यत्र बसाई सरी गएका पालिकाका जनताहरुलाई सेवा पुर्‍याउन भनी पदाधिकारीले भ्रमण खर्च भुक्तानी लिई काठमाडौं भ्रमण गरेको देखिन्छ । पालिकाले कार्यक्षेत्र बाहिर गएर सेवा प्रदान गर्न पदाधिकारीहरूको भ्रमण खर्चमा रु.६७,६०० खर्च गरेको छ । यस प्रकारको खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

| सि नं | भौ नं | विवरण | भुक्तानी पाउने पदाधिकारी | जम्मा खर्च |
|---|---|---|---|---|
| १ | ११६-०८१।६।१८ | सामाजिक सुरक्षा भत्ता नविकरण गर्न काठमाडौं | वडा नं ५ वडा अध्यक्ष ललित बहादुर थापा मगर | ८३०० |
| २ | | | वडा नं ७ वडा अध्यक्ष नवराज खड्का | १२९०० |
| ३ | ६५३-०८२।२।२ | पालिकाबासीसँग अन्तरक्रिया बैठक तथा कार्यक्रम काठमाडौं | पालिका उपाध्यक्ष गायत्री आचार्य | ४६४०० |
| जम्मा | | | | ६७,६०० |

४४ **बिल भन्दा बढी भुक्तानीः** (177-2081-07-23):

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२०** को निर्णयले रू **४९,०१५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

४५ **वार्षिक खरिद गुरुयोजनाः**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न शीर्षक अन्तर्गत यस वर्ष रु. १४ करोड ११ लाख ४५ हजार पूँजीगत खर्च भएको छ । तर पालिकाले खरिद ऐन तथा नियमावली बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले खरिद ऐन तथा नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

४६ **ईन्धन तथा मर्मत खर्चः**

सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७७ मा सवारी साधनको इन्धन मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने साथै सरकारी सवारी साधन सरकारी काममा मात्र प्रयोग गर्ने, सरकारी सवारी साधन अनाधिकृत व्यक्तिले प्रयोग नगर्ने जस्ता व्यवस्था गरेको छ। पालिकामा २ वटा चारपाङ्गे सवारी साधन, एक एम्बुलेन्स र २४ वटा मोटरसाइकल रहेकोमा यस वर्ष ईन्धनमा रु. ३२,१६,६२४.४० तथा सवारीसाधन मर्मतमा रु. २९,८४,५५६.०० गरी कुल रु. ६२,०१,१८०.४० भुक्तानी गरेको छ। साथै हालसम्म पालिकाले ईन्धन खर्चको मापदण्ड तयार गरेको छैन भने सवारी साधन अनुसार वार्षिक ईन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेख राखेको छैन। ईन्धन खर्चलाई मितव्ययी बनाउन कोटा निर्धारण गरी सवारी लगबुक राखेर मात्र खर्च लेख्ने तर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ ।

४७ **प्रशासकीय भवन**

पालिकाले मिति २०८१।१।३ गते रु. १२ करोड ५० लाख १९ हजारमा मिति २०८२।७।३ गते भित्र सम्पन्न गर्ने गरी निर्माण व्यवसायी श्री सिमपानी- सुनस्टार दिव्यश्वरी जे.भी. सँग पालिकाको प्रशासकीय भवन निर्माणको लागी सम्झौता गरेको छ । यस सम्बन्धमा देखिएको व्यहोरा निम्नानुसार छन् ।

४७.१ **कार्यप्रगतिः** सम्झौता बमोजिम निर्माण व्यवसायीले पेश गरेको कार्यतालिका अनुसार प्रगति हाँसिल गर्नुपर्दछ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार निर्माण कार्यको भौत्तिक प्रगति ४३.६० प्रतिशत र वित्तीय प्रगति ४३.६५ प्रतिशत रहेको छ । भवनको स्थलगत निरीक्षण गर्दा मुख्य स्ट्रकचरको काम सम्पन्न भएको र फिनिसिङको काम गर्न बाँकी देखिन्छ भने निर्माणस्थलमा काम रोकिएको देखिन्छ । गाउँपालीकाको अनुसार निर्माण व्यवसायी २०८१ चैत्र महिना देखि साईटमा उपस्थीत भई उल्लेखनिय प्रगति हुने गरी काम गरेको छैन् । यस हिसाबले तोकिएको समयमा निर्माण कार्य सम्पन्न हुने देखिँदैन् । कानुन तथा ठेक्का सम्झौतामा तोकिएको समयावधी भित्र कार्यसम्पन्न गराउनुपर्दछ ।

४७.२ **कार्यतालिका तथा कार्यप्रगतिः** सम्झौताको GCC 34.1 मा निर्माण व्यवसायीले ठेक्काको आसयपत्र प्राप्त गरेको ७ दिन भित्र कार्यतालिका पेश गर्नुपर्ने र GCC 34.3 मा प्रत्येक ३० दिन भित्र कार्यप्रगति प्रतिवेदन पेश गर्नुपर्ने र नगरेमा प्रति अद्यावधिक कार्यतालिकाको रु. ५,००,००० को दरले रोक्का (Withheld) गर्नुपर्ने व्यवस्था छ । पालिकाले निर्माण व्यवसायीलाई पटक पटक काम सुचारु गर्न तथा अद्यावधिक कार्यतालिका तथा कार्यप्रगति पेश गर्न समेत पत्राचार गरेको छ । तर निर्माण व्यवसायीले २०८२ बैशाख महिना देखि हालसम्मको कार्यप्रगति पेश गरेको छैन । यसबाट निर्माण कार्यको अनुगमन तथा नियन्त्रण कार्यमा असर पर्दछ । निर्माण व्यवसायीले लापरबाही गरेको कारण कार्यप्रगति तथा अद्यावधिक कार्यतालिका पेश नगरेको देखिन्छ । अद्यावधिक कार्यतालिका तथा कार्यप्रगति प्रतिवेदन पेश गर्न लगाई सो अनुसार कामको अनुगमन तथा मुल्यांकन गरी समयमै कार्यसम्पन्न गर्नु गराउनु पर्दछ ।

४८ **त्रैमासिक पूँजीगत खर्चः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ (१) बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण बनाई प्रगती समिक्षा गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार त्रैमासिक पुँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशिर्षक | कुलखर्च (रु.) | त्रैमासिक खर्च ( रु.) | | | | आषाढ महिनाको खर्च (रु.) |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुँजीगत खर्चतर्फ | १४,११,४५,९१५ | ३०,५३,४५० | ३,७९,९४,५२८ | ४,१०,१३,३५६ | ५,९०,८४,५८१ | ३,३५,०९,०४८ |
| प्रतिशत | १०० | २.१६ | २६.९२ | २९.०५ | ४१.८६ | २३.७४ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार पुँजीगत तर्फ यो बर्ष रु. १४,११,४५,९१५ खर्च भएकोमा प्रथम त्रैमासिकमा रु. ३०,५३,४५० (२.१६ प्रतिशत), दोस्रो त्रैमासिकमा रु. ३,७९,९४,५२८ (२६.९२ प्रतिशत), तेस्रो त्रैमासिकमा रु. ४,१०,१३,३५६ (४१.८६ प्रतिशत) र चौथो त्रैमासिकमा रु. ५,९०,८४,५८१ (४१.८६ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. ३,३५,०९,०४८ (२३.७४ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले आर्थिक बर्षको अन्त्यमा अधिक खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

४९ **ठेक्का व्यवस्था**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा बोलपत्र आह्वान गरी खरिद गर्ने व्यवस्था छ । पालिकाले बोलपत्र मार्फत प्रतिस्पर्धी आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका भौत्तिक निर्माणका योजना कार्यान्वियन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा ७.०४ देखि ५१.४५ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वियन गराएको पाइयो । साथै प्रथम चौमासिकमा सबै ठेक्काहरु सम्झौता गरी सक्नुपर्नेमा प्रथम चौमासिकमा कुनै पनि ठेक्का सम्झौता भएको छैन । लागत अनुमान भन्दा धेरै घटीमा सम्झौता हुँदा तथा समयमा ठेक्का सम्झौता गरी काम सुरु नगर्दा तोकिएको गुणस्तर कायम गर्न कठिनाई हुने भएकाले अनुगमन तथा सुपरीवेक्षण कार्यलाई प्रभावकारी बनाउनुपर्दछ । योजनाहरुको लागत अनुमान, सम्झौता रकम, सम्झौता मिति, घटी प्रतिशत र बोलपत्र परेको संख्या सम्बन्धि विवरण निम्नानुसार छ ।

| योजनाको नाम | निर्माण व्यवसायी | लागत अनुमान (रु.) | सम्झौता रकम (रु.) | सम्झौता मिती | घटी प्रतिशत | बोल पत्र परेको संख्या |
|---|---|---|---|---|---|---|
| झोरखोला खानेपानी आयोजना | सावित्रीदेवी निर्माण सेवा प्रा.लि का.म.६ | ७९,९९,६४० | ४९,५३,८८५ | ९/५/२०८१ | ३८.०७ | ३ |
| अधेरी खोला खानेपानी योजना | भीमेश्वर हार्डवयर कन्स्ट्रक्सन भीमेश्वर -६ दोलखा | ७९,९९,६११ | ४७,३६,३६१ | ६/९/२०८१ | ४०.७९ | १५ |
| पिपलडाँडा वडा कार्यालय भञ्ज्याङ सडक, वडा नं. २ र ३ योजना | माता मनकामना बिल्डर्स चरिकोट दोलखा | १,९९,९९,५९० | ९७,०८,८३७ | ६/१०/२०८१ | ५१.४५ | २२ |
| मानेडाँडा हिले डाँडाखर्क सुड्गुरे दुदिलेभञ्ज्याङ मंसिरेखोला सडक, वडा नं. ५ र ६ योजना | अंशु- ग्रेट जे.भि. बुद्धनगर, काठमाडौं | १,९९,९८,४१३ | १,००,४२,९२७ | ६/११/२०८१ | ४९.७८ | २१ |
| ठूलोखोला नेवारगाउँ सिम्टे सिँचाई योजना,मेलङ गा.पा.1 | भीमेश्वर हार्डवयर कन्स्ट्रक्सन भीमेश्वर -६ दोलखा | २७,४८,४८७ | १८,३९,९६८ | ६/९/२०८१ | ३३.०६ | १० |
| एक वार्ड एक पशु किल्निक स्तरउन्नती | शुखदेभ निर्माण सेवा सुर्यविनायक-०५ | ९,९७,८६७ | ५,९४,८०३ | ६/१०/२०८१ | ४०.३९ | ४ |
| ओख्रिनी भन्ज्याङ खानेपानी योजना | भीमेश्वर हार्डवयर कन्स्ट्रक्सन भीमेश्वर -६ दोलखा | २७,४९,८७१ | १८,१६,६२८ | ६/९/२०८१ | ३३.९४ | ९ |
| चौतारा पाखा आँगेटार मालुखोला सडक योजना | टुनिबोटे निर्माण सेवा प्रा.लि बैतेश्वोर गा.पा.- ०१, दोलखा | २४,९९,८९३ | १५,६८,९०३ | ६/९/२०८१ | ३७.२४ | ६ |
| गोलेगाउँ मालुखोला सडक योजना | न्यू जागृती निर्माण सेवा, गोकुलगंगा-3, रामेछाप | २४,९९,०६६ | १६,०४,३६३ | ६/१२/२०८१ | ३५.८ | ५ |
| पौवा तीनपिप्ले सडक योजना | सानो शैलुङ्ग निर्माण सेवा प्रा.लि., रामेछाप | २४,९८,९३८ | १५,४५,०३१ | ६/१०/२०८१ | ३८.१७ | ९ |
| सहरे स्वास्थ्यचौकी भवन निर्माण / | डि एण्ड पि कन्स्ट्रक्सन प्रा.लि. | १४,९९,९९५ | १३,९४,४०६ | २५/२/२०८१ | ७.०४ | १ (दोस्रो पटक) |
| प्रशासकीय भवन निर्माण(बहुबर्षिय) | सिमपानी-सन्सटार - दिव्यश्वरी जे.भि. | १५,३२,७९,६६५ | १२,५०,१८,५३८ | १/३/२०८१ | १८.४४ | ३ |
| प्रिफ्याव भवन निर्माण | उँ अग्री बर्मे कन्स्ट्रक्सन एण्ड सप्लायर्स वैतेश्वर , दोलखा | ३०,१७,१०६ | १९,२८,१४४ | १४/६/२०८१ | ३६.०९ | ७ |
| कल्लेरी कल्कले सडक स्तरउन्नती | रोभिस्टा कन्स्ट्रक्सन प्रा.लि.काठमाडौं | २१,९९,५६० | १४,६६,२६६ | ६/७/२०८१ | ३३.३४ | ७ |
| शिवालय देउराली चैतेघाट सडक | टुनिबोटे निर्माण सेवा प्रा.लि | ९,९९,७८८ | ७,८३,०८६ | १६/१/२०८१ | २१.६७ | १ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| स्तरोन्नति | बैतेश्वोर गा.पा.- ०१, दोलखा | | | | | |

५० **ठेक्का अभिलेख**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९ बमोजिम सार्वजनिक निकायले हरेक खरिद कारवाहीको पंजिका सहित छुट्टै फाइल खडा गरी राख्नुपर्ने तथा म.ले.प.फा.न.५०७ को ढाँचामा विवरण अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखबाट गर्नुपर्ने कार्य, हालसम्म भएको कामको परिमाण, मूल्य, कार्यसम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, अधुरो योजनाको अवस्था, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। गाउँपालिकाले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाँचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ ।

५१ **अधुरो निर्माण**

ठेक्का सम्झौतामा तोकिएको समयावधी भित्र कार्यसम्पन्न गर्नुपर्दछ । पालिकाले व्यवस्थापन गरेको निम्नानुसार ठेक्काको सम्झौता अनुसारको म्याद समाप्त भएपनि निर्माण कार्य अधुरो रहेको छ ।

| क्र.सं. | निर्माण कार्य | निर्माण व्यवसायीको नाम | संझौता मिति | सम्पन्न गर्नुपर्ने मिति | यो वर्षको खर्च तथा जम्मा खर्च (रु.) | भौतिक प्रगति (%) |
|---|---|---|---|---|---|---|
| १ | झोरखोला खानेपानी | सावित्रीदेवी निर्माण सेवा प्रा.लिका.म.६ | २०८१।०९।०५ | २०८१।१२।३१ | २७,५३,२०६ | ५९. |
| २ | पिपलडाँडा वडा कार्यालय भञ्ज्याङ सडक, वडा नं. २ र ३ योजना | श्री माता मनकामना विल्डर्स, चरिकोट | २०८१।०६।१० | २०८१।१२।३१ | ६६,७७,६१६ | ६८.९२ |
| ३ | मानेडाँडा हिले डाँडाखर्कसुङ्गेरेदुदिलेभञ्ज्याङ मंसिरेखोला सडक, वडा नं. ५ र ६ योजना | अंशु- ग्रेट जे.भि बुद्धनगर, काठमाडौं | २०८१।०६।१४ | २०८१।१२।३१ | ९०,४४,११५ | ८८. |

५१.१ **झोरखोला खानेपानी आयोजनाः** संघीय सरकारबाट विशेष अनुदान रु. ८०,००,०००।०० प्राप्त भई मिति २०८१।९।५ मा २०८१।१२।३१ भित्र सम्पन्न गर्ने गरी रु. ४९,५३,८८५।०० को सम्झौता भएको आयोजनामा हालसम्म रु. २७,५३,२०६।०० खर्च भएकोमा म्याद थप तथा कार्यसम्पन्न भएको छैन । शैलुङ गाउँपालिकाको वडा नं. ८ र मेलुङ गाउँपालिका वडा नं. ३ बिचमा रहेको झोरखोला मुहान भई मेलुङ गाउँपालीका वडा नं. १ मा लानेगरी खानेपानी आयोजना निर्माण सुरु गरिएकोमा निर्माण कार्य सुरु भएपछी शैलुङ गाउँपालिकाका स्थानीय वासीहरुले अवरोध गरेपछि आयोजना अवरुद्ध अवस्थामा रहेको छ । निर्माण व्यवसायीले मिति २०८१।१२।१० मा म्याद थप तथा २०८२।१।५ मा सुविधाको आधारमा ठेक्का सम्झौता अन्त्य गर्न निवेदन समेत दिएको छ । तर हाल ठेक्काको म्याद थप भएको छैन भने गाउँपालिकाले शैलुङ गाउँपालिकासँग समन्वय गरी कार्य अघि बढाउन समेत सकेको छैन् । शैलुङ गाउँपालिकाका स्थानीयवासीको नीजि जग्गा (करीब २.५ कि.मि.) मा पाईप बिछ्याई ल्याउनु पर्ने अवस्थामा निज स्थानीय वासिहरुसँग लिखित रुपमा सम्झौता नगरी आयोजना सुरु गरेकोले आयोजना अवरुद्ध रहेको देखिन्छ । यसबाट हालसम्म लगानी भएको रकम अनुत्पादक भएको, बजेट फ्रिज भएको र समयमा आयोजना सम्पन्न हुँदा प्राप्त हुने लाभ प्राप्तीमा ढिलाई भएको छ । उपरोक्त आयोजनामा सम्झौता रकमको ५५ प्रतिशत खर्च भईसकेकोले शैलुङ गाउँपालिका तथा स्थानीय वासिन्दाहरुसँग समन्वय गरी बाँकी काम सम्पन्न गर्नुपर्दछ ।

५१.२ **पिपलडाँडा वडा कार्यालय भञ्ज्याङ सडकः** प्रदेश समपूरकबाट रु. १ करोड र पालिकाबाट रु. १ करोड गरी रु. २ करोड बजेट विनियोजन भएकोमा बोलपत्र मार्फत रु. ९७,०८,८३७।०० मा सम्झौता भई हालसम्म रु. ६६,७७,६१६।०० खर्च भएको योजना हाल अवरुद्ध छ । ठेकेदारले समयमा काम सुरु नगरेको, शुरु गरे पश्चात पनि निरन्तर रुपमा काम नगरेको, ठेक्का सम्झौताको BOQ अनुसारको चेनेज अनुसार तोकिएको काम नगर्ने गरेको लगायतको कारण कार्यसम्पन्न नभएको पालिकाले जनाएको छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० अनुसार म्याद सकिन २१ दिन अघि म्याद थपको लागी निवेदन दिन सकिने व्यवस्था

भएपनि निर्माण व्यवसायीले मिति २०८२।३।५ गते मात्र म्याद थपको लागी निवेदन दिएको छ । तर म्याद थप भएको छैन् भने बजेट फ्रिज भएको छ । समयमा निर्माण कार्य नहुँदा आयोजना सम्पन्न हुँदा प्राप्त हुने लाभ प्राप्तीमा ढिलाई भएको छ भने प्रदेश सरकारबाट प्राप्त हुने बजेट फ्रिज भई गाउँपालिकालाई थप व्ययभार पर्ने देखिन्छ । खरिद कानुन तथा ठेक्का सम्झौता अनुसार बाँकी कार्यसम्पन्न गर्नुपर्दछ ।

५१.३ **मानेडाँडा हिले डाँडाखर्क सुड्गुरे दुदिलेभञ्ज्याङ मंसिरेखोला सडकः** प्रदेश समपुरकबाट रु. १ करोड र पालिकाबाट रु. १ करोड गरी रु. २ करोड बजेट विनियोजन भएकोमा बोलपत्र मार्फत रु. १,००,४२,९२६।०० मा सम्झौता भई हाल सम्म रु. ९०,४४,१५५।०० खर्च भएको योजना हाल अवरुद्ध छ । ठेकेदारले समयमा काम सुरु नगरेको, शुरु गरेरपनी निरन्तर रुपमा काम नगरेको कारण कार्यसम्पन्न नभएको पालिकाले जनाएको छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० अनुसार म्याद सकिन २१ दिन अघि म्याद थपको लागी निवेदन दिन सकिने व्यवस्था भए पनी निर्माण व्यवसायीले म्याद थपको लागी निवेदन दिएको छैन् भने बजेट फ्रिज भएको छ । समयमा निर्माण कार्य नहुँदा आयोजनाबाट प्राप्त हुने लाभ प्राप्तीमा ढिलाई भएको छ भने प्रदेश सरकारबाट प्राप्त हुने बजेट फ्रिज भई पालिकालाई थप व्ययभार पर्ने देखिन्छ । खरिद कानुन तथा ठेक्का सम्झौता अनुसार बाँकी कार्य सम्पन्न गर्नुपर्दछ ।

## ५२ सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धमा देखिएका व्यहोरा देहायअनुसार रहेका छन ।

५२.१ सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ११ बमोजिम लाभग्राहीको मृत्यु भएमा, एकल महिलाले विवाह गरेमा, बालबालिका को उमेर ५ वर्ष पुगेमा, बैंकबाट वितरण भएकोमा लगातार एकवर्ष खाता निष्क्रिय भएमा, सामाजिक सुरक्षा भत्ता पाउने व्यक्ति बसाईसरी अन्यत्र गएमा र अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएमा, स्थानिय तहको वडा कार्यालयमा ३५ दिनभित्र घटना दर्ता गराएमा वा कुनै लाभग्राहीले घटना दर्ता नगराएको अवस्थामा स्थानीय तहका वडा अध्यक्ष, वडा सदस्य, वडा सचिव वा कार्यरत कर्मचारीहरुले घटना भएको जानकारी पाएमा सत्य तथ्य बुझी वडा कार्यालयबाट लगत कट्टा गर्नुपर्ने व्यवस्था छ । लेखापरीक्षणको क्रममा केही वडाहरुको सामाजिक सुरक्षा भत्ता पाउनेहरुको विवरण नमूना छनौट गरी हेर्दा विगत आ.व मै मृत्यु भै सकेका तथा बसाई सराई गरेका व्यक्तिहरुको खातामा समेत निकासा भएको देखिएको र लेखापरीक्षणको क्रममा बैँकबाट फिर्ता ल्याई बेरुजु खातामा दाखिला भएकोले पालिकाले समेत यस्ता विवरणहरूको एकिन गरी सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई प्रभावकारी बनाउनुपर्दछ।

५२.२ सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २७ बमोजिम नेपाल सरकारको संघीय मामीला तथा सामान्य प्रशासन मन्त्रालयले नियमित, केन्द्रीय पञ्जीकरण विभागले बिशेष सूचक बनाई तथा जिल्ला समन्वय समितिको कार्यालयले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था भएतापनि यस वर्ष सम्बन्धित निकायले कार्यविधि अनुसार अनुगमन तथा निरीक्षण गरेको पाइएन । त्यस्तै दफा ९ मा सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न नियमित रुपमा अनुगमनको व्यवस्था तोकेको छ । गाउँपालिकाले कसैले दोहोरो हुनेगरी र सरकारी सुविधा लिने व्यक्तीले भत्ता लिए नलिएको सम्बन्धमा अनुगमन गरेको देखिएन । सामाजिक सुरक्षा भत्ताको दुरुपयोग हुन नदिन पालिका स्तरीय अनुगमन संयन्त्रलाई प्रभावकारी बनाउँदै तोकिए बमोजिम भत्ता वितरण र लगत अद्यावधिक गर्ने कार्यमा ध्यान दिनुपर्ने देखिन्छ ।

५२.३ सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३४ बमोजिम वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एक पटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने उल्लेख भएतापनि सार्वजनिक सुनुवाई गरी जनगुनासो सम्बोधन गरेको छैन । कार्यविधिले तोकेको समयमा सार्वजनिक सुनुवाई गर्नु पर्दछ।

५२.४ सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ७ मा भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण स्थानीय तहले सम्बन्धित सभामा पेश गर्नुपर्ने र स्थानीय तहले सञ्चालन गरेको कार्यक्रमको चौमासिक वा वार्षिक रुपमा समीक्षा गर्दा सामाजिक सुरक्षा भत्ता कार्यक्रममा भएको निकासा तथा खर्चको पनि समीक्षा गर्नुपर्ने उल्लेख छ । साथै स्थानीय तहको कार्यालयले लाभग्राहीको नाम दर्ता, तथा नवीकरण

प्रकृया, भत्ताको दर, प्राप्त हुने बैंकद्वारा लाभग्राहीले पूरा गर्नुपर्ने प्रकृया जस्ता भत्ता सम्बन्धी जानकारी स्थानीय सामाजिक संघ संस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्ने र त्यस्ता विषय सम्बन्धी सूचना स्थानीय एफ.एम. लगायतका सञ्चार माध्यमहरुबाट प्रचार प्रसार गर्ने व्यवस्था मिलाउनुपर्ने र भत्ता प्राप्त गर्ने लाभग्राहीको नामावली सम्बन्धित स्थानीय तहको वेभसाइटमा राख्ने व्यवस्था मिलाउनुपर्नेमा सो व्यवस्थाको पालना गरेको पाइएन। कार्यविधिको पालना गरी भत्ता वितरणमा पारदर्शीता कायम गर्नुपर्दछ।

५२.५ सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधिको दफा २६(३) मा एक आर्थिक वर्षमा एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैंकबाट अनुसूची-११बमोजिमको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाईएमा सम्बन्धित बैंकबाट लगत कट्टा हुने मितिसम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने उल्लेख छ । यस बर्ष लगत कट्टा तथा बैंकमा लाभग्राहीलाई पठाएको भत्ता परीक्षण गर्दा लगत कट्टा भए पश्चात भत्ता भुक्तानी भएकोले उक्त रकम असुल फिर्ता गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु..

| क्र.सं. | वडा नं. | लक्षित समूह | परिचय नं. | लाभग्राहीको नाम | लगत कट्टाको कारण | लगत कट्टा लागु मिति | बढी निकासा रकम (रु.) |
|---|---|---|---|---|---|---|---|
| १ | ६ | अन्य जेष्ठ नागरिक भत्ता | १९९५०७२५००१३५ | गोरी तामाङ् | मृत्यु | २०८१।६।७ | ३,०६७ |
| २ | ७ | ,, | २००१०११५०७३८७ | मान कुमारी भण्डारी | मृत्यु | २०८१।९।७ | ३,०३४ |
| ३ | ५ | अन्य जेष्ठ नागरिक भत्ता | २०१२०६१००६६३४ | अैमान सिं तामाङ | मृत्यु | २०८१।९।५ | १,१६१ |
| ४ | ४ | अन्य जेष्ठ नागरिक भत्ता | २०१२११०२०३४९७ | तिर्थ माया थापा | मृत्यु | २०८१।९।२ | ३,७२४ |
| ५ | ४ | अन्य जेष्ठ नागरिक भत्ता | २००६०१०७००६७७ | शुव लक्ष्मी अधिकारी | मृत्यु | २०८२।२।१८ | ५,६७७ |
| ६ | ५ | अन्य जेष्ठ नागरिक भत्ता | १९९४०११३००१६४ | लालमती तामाङ | मृत्यु | २०८१।११।१९ | ५,३७९ |
| | | जम्मा | | | | | २२,०४२ |

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२०** को निर्णयले रू **१,९५१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२०** को निर्णयले रू **३,४६७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२०** को निर्णयले रू **५,६५५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२०** को निर्णयले रू **१,६६५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२०** को निर्णयले रू **४,०००**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२०** को निर्णयले रू **७,४६७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | २२,०४२ |

५३ **पोशाक भत्ताः**

शिक्षकले आर्थिक बर्षको एक पटक चैत्र महिनामा पोशाक भत्ता पाउने व्यवस्था छ । गाउँपालिकाबाट प्रा. वि. तृतिय शिक्षक श्री गजेन्द्र वहादुर शाहिको श्री भिम माध्यमिक विद्यालय धनुकेबाट श्री दुधेले भन्ज्याङ आधारभुत विद्यालयमा समायोजन गर्दा तेस्रो किस्ताको तलव निकासामा पोशाक भत्ताको रु.१०,००० दरले दुवै विद्यालयमा निकासा भएकोले दोहोरो निकासा भएको रकम श्री भिम माध्यमिक विद्यालयबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,००० |

५४ **वितरण भरपाईः**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम विल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले देहायका कार्यक्रममा ट्रयाक सेट तथा जर्सी सेट खेलाडीहरुलाई वितरण गरेकोमा वितरणको भरपाई पेश नभएकोले वितरणको भरपाई/ प्रमाण पेश हुनुपर्ने रु..

| भौचर र मिति | कार्यक्रम | सामानको नाम | भुक्तानी पाउनेको नाम | दर (रु.) | परिमाण | रकम (रु.) |
|---|---|---|---|---|---|---|
| २७।२०८१।१०।२१ | खेलकुद प्रबर्द्धन कार्यक्रम | खेलकुद जर्सि | किरण घर्ती | ९५० | १२ | ११४०० |
| २०।२०८१।९।२२ | राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता कार्यक्रम | ट्रयाक सेट | राजु अधिकारी | ३००० | ६ | १८००० |
| ३४।२०८१।११।२८ | खेलकुद प्रबर्द्धन कार्यक्रम | जर्सी सेट | टाइगर टिम तिखातल | १३९० | २८ | ३८९२० |
| ३५।२०८१।११।२८ | खेलकुद प्रबर्द्धन कार्यक्रम | जर्सी सेट | ललित वहादुर थापा | २७० | १० | २७०० |
| | जम्मा | | | | | ७१,०२० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७१,०२० |

५५ **अनुगमन भत्ताः**

बागमती प्रदेश सरकारद्वारा प्रकाशित स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सेवासुविधा सम्वन्धी ऐन, २०७५ (संसोधन समेत) मा स्थानीय पदाधिकारी तथा कर्मचारीहरुले स्थानीय क्षेत्रभित्रका योजनाहरुको अनुगमन गर्ने कार्यवापत भत्ता उपलव्ध गराउने व्यवस्था उल्लेख छैन । पालिकाको निर्णय बमोजिम पदाधिकारी कर्मचारीहरुलाई योजना तथा कार्यक्रम अनुगमन गरेवापत रु.१००० का दरले भत्ता भुक्तानी गरेको देखियो। पदाधिकारी सुविधा प्रदेश सरकारले स्थानिय जनप्रतिनिधिको सुविधा सम्वन्धि बनाएको कानुन बमोजिम तथा कर्मचारीको हकमा प्रदेश तथा स्थानीय कानुन बमोजिम हुने व्यवस्था भएकोमा सो कानुनमा उल्लेख नभएको अवस्थामा पदाधिकारी तथा कर्मचारीलाई अनुगमन भत्ता भुक्तानी गरेकोले नियमसम्मत नदेखिएको रु.

| भौ ।मिति | कार्यक्रम | पदाधिकारी कर्मचारी संख्या | दर (रु.) | कर कट्टा गरी भुक्तानी रकम (रु.) |
|---|---|---|---|---|
| १८१।२०८२।३।१३ | मातृ तथा नवशिशु कार्यक्रम | ५ | १००० | २७,२०० |
| १६६।२०८२।२।२९ | प्रधानमन्त्री रोजगार कार्यक्रम | ८ | १००० | ३४,००० |
| जम्मा | | | | ६१,२०० |

| | |
|---|---|
| अनियमित भएको | ६१,२०० |

५६ **न्यायिक समितिः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी नभएको र यो वर्ष ११ विवाद दर्ता भएकोमा ६ वटा फर्स्यौट भई ५ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

५७ **खाना तथा विविध खर्चः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाको विविध शिर्षकबाट बैठक संचालन लगायतको खाना/ खाजामा रु.९,३४,४०४ खर्च गरेको छ। उक्त रकम आन्तरिक आय रु.५९,४४,४१९ को तुलनामा १५.७१ प्रतिशत रहेको छ। कार्यविधि र मापदण्ड बेगर हुने यस्तो खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ ।

५८ **विपद् व्यवस्थापन कोष :**

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिएबमोजिम हुने व्यवस्था छ । पालिकाले विपद व्यवस्थापन कोषमा गत वर्षको कुनै मौज्दात नरहेको तथा यो वर्ष समेत कुनै आम्दानी नभएको जनाएको छ । पालिकाले विपद व्यवस्थापन सम्बन्धी कार्याविधी तयार गरी लागु गरेको देखिएन। ऐन तथा नियममा भएको व्यवस्थाको पालना हुनुपर्दछ।

५९ **फोहरमैला व्यवस्थापनः**

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । पालिकाले सो कार्यको शुरुवात गर्न सकेको छैन् । फोहरमैला उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

६० **बैठक भत्ताः** (२८५-2081-10-24):

स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ (दोस्रो संशोधन) को दफा ८ क बमोजिम एकै प्रकृतिको समितिको बैठक जतिसुकै पटक बसे पनि बैठकमा उपस्थित सदस्यले मासिक रुपमा चार पटक भन्दा बढी बैठकको बैठक भत्ता नपाउने उल्लेख छ । पालिकाले विद्यायन समितिको बैठक भत्ता भुक्तानी गरेकोमा एकै महिनामा ४ वटा भन्दा बढी बैठक भत्ता भुक्तानी गरेको देखियो । ऐनमा तोकिएको भन्दा बढी भत्ता भुक्तानी भएको रकम सम्बन्धितबाट असुल हुनुपर्ने रु..

| सि नं | पदाधिकारीको नाम | जम्मा बैठक भत्ता भुक्तानी संख्या | नियम अनुसार पाउने बैठक भत्ता संख्या | बढी बैठक भत्ता संख्या | भत्ता दर (रु.) | भत्ता रकम (रु.) | कर कट्टा गरी भुक्तानी भएको रकम (रु.) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | संयोजक रामकृष्ण भण्डारी | ३६ | २२ | १४ | १००० | १४००० | ११९०० | पुस र माघमा ४ भन्दा बढी बैठक भत्ता |
| २ | सदस्य ललित बहादुर थापा मगर | २५ | २२ | ३ | १००० | ३००० | २५५० | माघमा ४ भन्दा बढी बैठक भत्ता |
| ३ | सदस्य कुमार लामा | २८ | २० | ८ | १००० | ८००० | ६८०० | माघमा ४ भन्दा बढी बैठक भत्ता |
| | जम्मा | | | २५ | | २५,००० | २१,२५० | |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२०** को निर्णयले रू **११,९००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२०** को निर्णयले रू **५,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | २१,२५० |

६१ **अनुगमन भत्ताः**

बागमती प्रदेश सरकारद्वारा प्रकाशित स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सेवासुविधा सम्वन्धि ऐन, २०७५ (संशोधन समेत) मा स्थानीय तहका पदाधिकारीहरुले स्थानीय क्षेत्रभित्रका योजनाहरुको अनुगमन गर्ने कार्यवापत भत्ता उपलव्ध गराउने व्यवस्था नभएकोमा पालिकाको निर्णय बमोजिम पदाधिकारीहरुलाई योजना तथा कार्यक्रम अनुगमन गरेवापत पदाधिकारी / कर्मचारीलाई भत्ता भुक्तानी गरेको देखियो। पदाधिकारी तथा कर्मचारीलाई विभिन्न योजना अनुगमन गरेबापत रु. ४,८२,०५५।०० भुक्तानी गरेको नियमसम्मत नदेखिएकोले नियमित गर्नुपर्ने रु

| सि नं | भौ.नं. र मिति | कार्यक्रम | कर्मचारी /पदाधिकारी संख्या | भुक्तानी रकम (रु.) |
|---|---|---|---|---|
| १ | ६६३-०८२।२।४ | सहकारी अनुगमन | ८ जना | ११७०५५ |
| २ | ८१३-०८२।३।१३ | अनुगमन | ८ जना | ४४००० |
| ३ | १०२६-०८२।३।२५ | योजना अनुगमन | अनुगमन समिति | ३२१००० |
| | | जम्मा | | ४,८२,०५५ |

| | |
|---|---|
| अनियमित भएको | ४,८२,०५५ |

६२ **पेश्की बाँकीः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फर्स्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले देहाय अनुसार गत विगत वर्षमा दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फर्स्यौट नभई रु.६२,८१,६३६।०० बाँकी रहेकोले एकिकृत हिसाव तयार गरी फछ्यौट गर्नुपर्दछ । चालु आर्थिक वर्षको म्याद नाघेको पेश्की रु.१,००,००० फर्स्यौट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फर्स्यौट गर्नुपर्ने रु.

| क्र.सं. | पेश्कीको विवरण | पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम | चालु आ व को रु | गत विगत आ ब को रु | जम्मा पेश्की रु. |
|---|---|---|---|---|---|
| १ | वडा नं. १ पूँजीगत खर्च | वडा सदस्य श्री कमल बहादुर बुढाथोकी | ० | ५,००,००० | ५,००,००० |
| २ | वडा नं ३ चालु खर्च | वडा सदस्य श्री कमल लकान्द्री | १,००,००० | ० | १,००,००० |
| ५ | प्रशासकीय भवन निर्माण (बहुबर्षिय) | सिमपानी सनस्टार दिब्यश्वरी जेभी | ० | ५७,८१,६३६ | ५७,८१,६३६ |
| कुल जम्मा | | | १,००,००० | ६२,८१,६३६ | ६३,८१,६३६ |

| | |
|---|---|
| पेश्की | १,००,००० |

६३ **नर्म्स भन्दा बढी भुक्तानीः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० बमोजिम स्वीकृत नर्म्स बमोजिम लागत अनुमान तयार गर्नुपर्दछ । पालिकाले सडक निर्माण गर्न खन्ने कार्यको लागि प्रयोग भएको मेसिनको दर सडक विभागले स्वीकृत गरेको दर भन्दा फरक नर्म्सको प्रयोग गरी लागत अनुमान तयार गरेको तथा भुक्तानी गरेको देखिन्छ । उपभोक्ता समितिबाट संचालन भएको रु. ५ लाख भन्दा बढी लागत भएको योजनाको परीक्षण गर्दा देहायका योजनामा नरम माटो, सबै प्रकारको माटो तथा चट्टान कटिङ बापत निम्नानुसार बढी मुल्यांकन भएको

देखिएकोले उपभोक्ता समितिले व्यहोर्ने रकम कट्टा गरी बढी भुक्तानी भएको रकम रु ५,०२,९१९ सम्बन्धित समितिबाट असुल गर्नुपर्ने रु.

| सि नं. | भौ नं. र मिति | योजनाको नाम | बढी दर भएको आइटम | परिमाण (घ.मी.) | हुनुपर्ने दर (रु.) | भुक्तानी दर (रु.) | बढी भुक्तानी (रु.) | बढी भुक्तानी मध्ये पालिकाले व्यहोर्ने अंश (रु.) |
|---|---|---|---|---|---|---|---|---|
| १ | ४१-०८१।९।२४ | माडिडाँडा रातमाटा सडक | नरम माटो | ३८६ | ७६ | ११० | १३१२४ | ११५४९ |
| २ | १२१-०८१।१२।३ | कुबिन्डे भाडा काकलिङ सडक | नरम माटो | ४१८.२५ | ७६ | ११० | १४२२१ | १२५१४ |
| ३ | १३६-०८१।१२।१० | दोबाटो शैलुङ सडक | नरम माटो | १५४७.२९ | ७६ | ११० | ५२६०८ | ४६२९५ |
| | | | सबै प्रकारको माटो | ३८६.८२ | ७६ | १२५ | १८९५४ | १६६८० |
| ४ | १४३-०८१।१२।२१ | बुद्धचोक तिनधारा सडक | नरम माटो | १३२५.८८ | ७६ | ११० | ४५०८० | ३९६७० |
| | | | सबै प्रकारको माटो | ३३१.४७ | ७६ | १२५ | १६२४२ | १४२९३ |
| ५ | १४४-०८१।१२।२१ | भन्ज्याङ आधारभुत स्वास्थ्यचौकी सडक | नरम माटो | १०२२ | ७६ | ११० | ३४७४८ | ३०५७८ |
| | | | सबै प्रकारको माटो | ५९६ | ७६ | १२५ | २९२०४ | २५७०० |
| ६ | १४८-०८२।१।२ | पाखेडाँडा सडक मर्मत | नरम माटो | १४१८.९ | ७६ | ११० | ४८२४३ | ४२४५३ |
| | | | सबै प्रकारको माटो | ७८४.४३ | ७६ | १२५ | ३८४३७ | ३३८२५ |
| | | | मेडियम रक | ४४३.०९ | २२८ | २६५ | १६३९४ | १४४२७ |
| ७ | १५८- | तोरीखर्क तिनतले सडक | नरम माटो | ७०१.७४ | ७६ | ११० | २३८५९ | २०९९६ |
| | | | सबै प्रकारको माटो | ५८६.५५ | ७६ | १२५ | २८७४१ | २५२९२ |
| | | | मेडियम रक | ५३०.६४ | २२८ | २६५ | १९६३४ | १७२७८ |
| ८ | २१२ | हवल्दारटोल निकासी सडक | नरम माटो | २१८.१६ | ७६ | ११० | ७४१७ | ६५२७ |
| | | | सबै प्रकारको माटो | १३१.३३ | ७६ | १२५ | ६४३५ | ५६६३ |
| | | | मेडियम रक | २६४.४२ | २२८ | २६५ | ९७८४ | ८६१० |
| ९ | २२२-०८२।२।३० | कल्कले कल्लेरी सडक | नरम माटो | ७९४.६५ | ७६ | ११० | २७०१८ | २३७७६ |
| | | | सबै प्रकारको माटो | ११११२.०४ | ७६ | १२५ | ५४४९० | ४७९५१ |
| १० | २६६-०८२।३।१६ | चिलाउनेडाँडा पौडेलटोल सडक | नरम माटो | १५७९ | ७६ | ११० | ५३६८६ | ४७२४४ |
| | | | सबै प्रकारको माटो | २६९ | ७६ | १२५ | १३१८१ | ११५९९ |
| जम्मा | | | | | | | ५,७१,४९९ | ५,०२,९१९ |
| | | | | | | | असुल गर्नुपर्ने | ५,०२,९२० |

६४ **कार्यसम्पादन जमानत**

निम्नानुसार ठेक्का सम्झौताको GCC 58 मा त्रुटी सच्याउने अवधी भन्दा ३० दिन पछि सम्मको अवधी भएको कार्यसम्पादन जमानत पेश गर्नुपर्ने व्यवस्था छ । निम्नानुसार ठेक्काको निर्माण व्यवसायीले घटी अवधीको कार्यसम्पादन जमानत पेश गरेको छ । यसबाट ठेक्का व्यवस्थापनमा असर पर्दछ । सम्बन्धीत निर्माण व्यवसायीबाट तोकिएको अवधि सम्मको कार्यसम्पादन जमानत पेश गर्नुपर्ने रु.

| ठेक्का नं. | निर्माण व्यवसायी | कार्यसम्पन्न मिति | जमानतको म्याद | हुनुपर्ने अवधि | जमानत रकम (रु.) |
|---|---|---|---|---|---|
| 10/W/NCB/ MRM/81-82 | श्री सानो शैलुङ्ग निर्माण सेवा प्रा.लि. , रामेछाप | २०८२।३।१७ | २०८२।११।३० | २०८३।४।१७ | ३,२८,६५५ |
| 5/W/NCB/MRM/081-82 | श्री रोभिस्टा कन्स्ट्रक्सन प्रा.लि. काठमाडौं | २०८१।१२।११ | २०८२।७।२५ | २०८३।०१।११ | २,४६,९३५ |
| जम्मा | | | | | ५७५५९० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,७५,५९० |

६५ **रकमान्तरः**

स्थानीय सरकार सञ्चानल ऐन, २०७४ को दफा ७३ मा खर्च गर्ने अख्तियारी र कार्यविधि सम्बन्धमा उल्लेख छ । साथै सोही नियमको उपनियम ७ बमोजिम कार्यपालिकाले सभाबाट स्वीकृत सीमा र शीर्षक बाहिर गई खर्च गर्न नपाउने उल्लेख छ । त्यस्तै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३३ अनुसार विशेष कारण तथा परिस्थिति बाहेक कुनै बाध्यात्मक अवस्थामा मात्र रकमान्तर गर्नुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले ऐन तथा नियमावलीको व्यवस्था अनुसार रकमान्तर गर्नुपर्ने कारण तथा अवस्था उल्लेख नगरी ७५ योजनाको बजेट रु.३,६०,००,००० घटाई १०७ योजनामा रु.३,६०,००,००० थप बढाई रकमान्तर गरी हिउँदे सभाबाट स्वीकृत गराएको छ। यसरी कारण बेगर रकमान्तर गर्ने तथा आर्थिक वर्षको विचमा रकमान्तर गरी आर्थिक वर्षको अन्तमा खर्च गर्दा नागरीक अपेक्षा अनुसार काम नहुने र आर्थिक अनुशासनमा असर पर्ने देखिन्छ । रकमान्तर भएका योजनाहरुको केहि उदाहरण देहायअनुसार रहेको छ ।

| घटाएको | | | |
|---|---|---|---|
| क्र.सं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | प्राप्तिको श्रोत | रकम (रु.) |
| १ | आलु ब्रान्डिङ तथा प्याकेजिङ | आन्तरिक श्रोत | ५,००,००० |
| २ | किवि प्रवर्द्धन ( थाक्रा ) कार्यक्रम मेलुङ-३ | आन्तरिक श्रोत | ५,००,००० |
| ३ | मानेडाँडा हिले डाँडाखर्क सुङ्गुरे दुदिलेभञ्ज्याङ मंसिरेखोला सडक, वडा नं. ५ र ६ | राजस्व बाँडफाँड | १६,००,००० |
| ४ | मानेडाँडा हिले डाँडाखर्क सुङ्गुरे दुदिलेभञ्ज्याङ मंसिरेखोला सडक, वडा नं. ५ र ६ | समानीकरण अनुदान | ३०,००,००० |
| ५ | पिपलडाँडा वडा कार्यालय भञ्ज्याङ सडक, वडा नं. २ र ३ | समानीकरण अनुदान | ४८,००,००० |
| ६ | ५० प्रतिशत अनुदानमा कृषि औजार सहयोग कार्यक्रम | समानीकरण अनुदान | ५,००,००० |
| ७ | तल्लो दुम्वा सिमालडाड माहदेब थान संरक्षण मेलुङ ४ | आन्तरिक श्रोत | ४,००,००० |
| बढाएको | | | |
| क्र.सं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | प्राप्तिको श्रोत | रकम (रु.) |
| १ | भ्रमण खर्च | राजस्व बाँडफाँड | ५,००,००० |
| २ | भ्रमण खर्च | आन्तरिक श्रोत | १०,००,००० |
| ३ | प्रसाद खाने चौर भुमेस्थान डाँडा सडक सोलिङ | समानीकरण अनुदान | १०,००,००० |
| ४ | विपद् व्यवस्थापन कोष | राजस्व बाँडफाँड | २१,७५,००० |
| ५ | करार सेवा शुल्क | राजस्व बाँडफाँड | १०,००,००० |

६६ **बढी भुक्तानी** (३३-2081-09-12):

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-६** को निर्णयले रू **५१,२२३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

६७ **पूर्वनिर्धारित क्षतिपुर्तिः**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-६** को निर्णयले रू **१२८,१६८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-६** को निर्णयले रू **२७६,५४६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-६** को निर्णयले रू **१३,८९२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-६** को निर्णयले रू **६,५०८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-६** को निर्णयले रू **१०,४८८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

६८ **आन्तरिक लेखापरीक्षण:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन् । पालिकामा आन्तरिक लेखापरीक्षक नभएकोले आन्तरिक लेखापरीक्षण नभएको पालिकाले जनाएको छ । आन्तरिक लेखापरीक्षकको दरबन्दी पदपूर्ति गरी कानुन बमोजीम त्रैमासिक रुपमा आन्तरिक लेखापरीक्षण गर्नु /गराउनु पर्दछ ।

६९ **कर तथा शुल्क असुलीः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल बिरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । यस बर्ष रु. ५९,४४,४१९ राजस्व आम्दानी भएकोमा राख्न पर्ने मलेप फारम नराखेको, प्राप्त राजस्व परीक्षण भिडान गर्ने आन्तरिक नियन्त्रण पद्धति नभएकोले प्राप्त हुनुपर्ने राजस्व सम्बन्धमा एकिन हुनुपर्दछ । पालिकाको विभिन्न शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको छ ।

| सिनं. | आय शीर्षक | अनुमान (रु.) | असुली (रु.) | असुली प्रतिशत |
|---|---|---|---|---|
| १ | सम्पत्ती कर | ८,००,००० | १,२५,७७१ | १५.७२ |
| २ | भूमिकर मालपोत | ४,५०,००० | ५,९७,४९६ | १३२.७८ |
| ३ | बहाल कर | १००००० | ३७३१३३ | ३७३.१३ |
| ४ | कृषि तथा पशुजन्य वस्तुको व्यवसायीक करोबारमा लाग्ने कर | ० | १,८१,७१७ | |
| ५ | अन्यकर | ० | ८४,५०० | |
| ६ | अन्य सेवा शुल्क | ० | ६०,३६२ | |
| ७ | न्यायिक दस्तुर | ० | २,९०० | |
| ८ | परीक्षाशुल्क | ५०,००० | ३८,५०० | ७७.०० |
| ९ | सिफारिस दस्तुर | १०,००,००० | १९,७४,१२४ | १९७.४१ |
| १० | व्यक्तिगत घटना दर्ता दस्तुर | २,००,००० | २,६१,४०० | १३०.७० |
| ११ | अन्य दस्तुर | २,२५,००० | १,६१,२६७ | ७१.६७ |
| १२ | व्यवसाय र जिष्ट्रेसन दस्तुर | ५,००,००० | ४,६३,२४० | ९२.६५ |
| १३ | अन्य राजस्व | १०,००,००० | ११,३१,४५९ | ११३.१४ |
| १४ | व्यवसाय कर | २,००,००० | ५,००० | २.२५ |
| १५ | सवारी साधन कर | ० | ४,१०० | |
| १६ | सरकारी सम्पत्तिको वहालबाट प्राप्त आय | ० | १,९१,७०० | |
| १७ | अन्य प्रशासनिक सेवा शुल्क | ० | ७३,७०० | |
| १८ | नाताप्रमाणि दस्तुर | ७,००,००० | ७९,८०० | ११.४० |
| १९ | प्रशासनिक दण्ड,जरिवाना र जफत | २,००,००० | ० | ०.०० |
| २० | प्रदुषण नियन्त्रण शुल्क | ० | १०० | |
| २१ | बेरुजु | २५,१०० | १,३४,०७१ | ५३४.१५ |
| | जम्मा | ५४,५०,१०० | ५९,४४,४१९ | १०९.०७ |

गाउँपालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लेखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ ।

७० **व्यवसाय करः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु. ५,००० कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अद्यावधिक गरेको छैन । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अभिलेख अद्यावधिक राखी करको दायरामा ल्याउनुपर्दछ ।

७१ **आय अनुमानः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. ५४,५०,१०० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८१।८२ मा रु. ५९,४४,४१९ अर्थात अनुमान भन्दा ९.०७ प्रतिशत बढी आय प्राप्त गरेको छ । पालिकाको आन्तरिक आम्दानी न्युन भएकोले अन्य स्रोतको पहिचान गरी तथा आयको अनुमान यर्थाथपरक बनाई आन्तरिक आय बृद्धि गर्ने तर्फ ध्यान दिन आवश्यक देखिएको छ ।

| आयको अनुमान | आन्तरिक आय प्राप्ति | प्राप्त प्रतिशत |
|---|---|---|
| ५४,५०,१०० | ५९,४४,४१९ | १०९.०७ |

७२ **आन्तरिक आयः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८१।८२ मा केन्द्रीय अनुदानबाट प्राप्त गरेको रकमको तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट प्राप्त (संघ र प्रदेशबाट प्राप्त) रकम (रु.) | आन्तरिक आय (रु.) | प्रतिशत |
|---|---|---|
| ४०,७४,१३,१७४ | ५९,४४,४१९ | १.४५ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा संघीय तथा प्रदेश अनुदानबाट प्राप्त भएको रकमको तुलनामा आन्तरिक आयको हिस्सा १.४५ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

७३ **न्यानो झोला कार्यक्रमः**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८१।८२ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा विगत बर्षको प्रसुतिका संख्या आधारमा अनुमान गरी न्यानो झोलाको लागि पालिकाहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारीक तहबाट गुणस्तर परीक्षण गर्नुपर्ने व्यवस्था छ । गाउँपालिका अन्तर्गतका ५ वटा बर्थिङ सेन्टरका लागी आर्थिक वर्ष २०८१।८२ मा न्यानो झोला जिम्मेवारी सारेको ३१ थान र रु. १,९९,७८४।०० मा २०० थान खरिद गरी वितरण गरेकोमा १५७ थान मौज्दात रहेको छ। गत वर्ष ४६ जना र यस वर्ष २८ जना गरी जम्मा ७४ जना प्रसुति भएको अभिलेखबाट देखिन्छ । खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण तथा उपयुक्त भण्डारणको व्यवस्था गर्नुपर्दछ ।

७४ **औषधी खरिदः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) बमोजिम खरिद कार्य गर्दा प्रतिस्पर्धा सिमित हुने गरी खरिद कार्य टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ । सार्वजनिक खरिद नियमावली, २०६४ को निमय ८५ (१क) बमोजिम पच्चीस लाख रुपैयाँसम्मको लागत अनुमान भएको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको पत्रिकामा सुचना प्रकाशन गरी तोकेको बिक्री मुल्यमा सोझै खरिद गर्न सकिने उल्लेख छ । पालिकाले यस वर्ष निम्नानुसार औषधी खरिद गर्दा पत्रिकामा सुचना प्रकाशित दरमा खरिद गरेको छ । पालिकाले कुल रु.३६,९८,६४१।०० को औषधी खरिद गरेकोमा खुल्ला बोलपत्र मार्फत गर्नुपर्नेमा टुक्रा पारी पत्रिकामा सुचना दरमा खरिद गरेको देखिएकोले खरिद प्रकृया प्रतिस्पर्धी तथा मितव्ययी भएको देखिएन । यसमा सुधार गर्नुपर्दछ ।

| शिर्षक | भौ नं र मिति | सुचना प्रकाशन भएको पत्रिका | औषधि उत्पादन कम्पनी | सप्लायर्स | विवरण | रकम (रु.) |
|---|---|---|---|---|---|---|
| स्वास्थ्य चालु | ३-०८१।६।१६ | प्रभाव दैनिक | एस आर ड्रग ल्याब प्रा लि | पाथिभरा मेडिसिन एण्ड सर्जिकल सप्लायर्स प्रा लि | ७७ प्रकारका औषधी | २४,९९,६८३ |
| स्वास्थ्य चालु | २१-०८१।११।२७ | प्रभाव दैनिक | एस आर ड्रग ल्याब प्रा लि | सुविन मेडिसिन सप्लायर्स | ५४ प्रकारका औषधी | ११,९८,९५८ |
| | | जम्मा | | | | ३६,९८,६४१ |

औषधी खरिद सम्बन्धमा देखिएको थप व्यहोरा निम्नानुसार रहेका छन् ।

- आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको,
- आपूर्ति भएका औषधी एवम् सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।
- औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र अन्य निकायबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको
- औषधिको खर्च घटाउँदा मागफाराम तथा वास्तविक खर्चको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको ।
- नमुना छनोट गरी केही औषधी परीक्षण गर्दा कतिपय औषधीमा निःशुल्कको लोगो नलगाएको

अतः मापदण्ड बमोजिम खरिद, गुणस्तर परीक्षण,आम्दानी र भण्डारण गरी औषधी व्यवस्थापन गर्नुपर्दछ।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : मेलुङ गाउँपालिका, दोलखा , मेलुङ्ग गाउँपालिका , दोलखा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | श्री भुवन चापागाई | २०८२-०९-२५ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | सन्जय शिवाकोटी | २०७९-०६-११ | २०८२-०९-१५ |
| लेखा प्रमुख | नविन बस्नेत | २०८०-०५-२५ | २०८२-०७-३० |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १,८६६,५९३ | ३,१९८,०९० | ६९५,६२५ | ० | ० | १००,००० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ५,८६०,३०८ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ८९०,५९५ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ४,९६९,७१३ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ६८७२११२८.९६ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३२४७८३२८१ | चालु खर्च | ३१८४१७२३०.३२ |
| प्रदेश सरकारबाट अनुदान | ५०३८२३२५ | पूँजीगत खर्च | १४११४५९१५.३२ |
| राजश्व बाँडफाँट | ८९३२१५०४.७३ | वित्तीय/अन्य व्यवस्था | १७१९३०८०८ |
| आन्तरिक आय | ५९४४४१९.२५ | | |
| अन्य आय | १३६९५९३८९ | | |
| कुल आय | ६०७३९०९१८.९८ | कुल खर्च | ६३१४९३९५३.६४ |
| बाँकी मौज्दात | | ४४६१८०९४.३ | |

## अनुसूची - २

| सि.नं | लेखापरीण | लेखापरीण गरएका िवषय |
|---|---|---|
| 1 | "**DPR** खर्च " | खरिद व्यवस्थापन |
| 2 | "कृषि तथा पशुतर्फ " | अनुत्पादक खर्च |
| 3 | "अमानत, उपभोक्ता समिति र गैरसरकारी संस्थाबाट कार्य गराउने। " | उपभोक्ता समिति मार्फत कार्य |
| 4 | "शिक्षा तर्फ " | शिक्षातर्फ |
| 5 | "तालिम र कार्यक्रम खर्च " | खर्च परीक्षण |
| 6 | "खरिद व्यवस्थापन " | खरिद व्यवस्थापन |
| 7 | "सामाजिक सुरक्षा " | सामाजिक सुरक्षातर्फ |
| 8 | "संघ र प्रदेशबाट प्राप्त सशर्त लगायत अनुदान (अख्तियारी तथा अन्य कार्यक्रम) " | खर्च परीक्षण |
| 9 | "विविध खर्च " | अन्य विषयहरू |
| 10 | "पदाधिकारी सुविधा " | सङ्गठनात्मक तथा व्यवस्थापकीय पक्ष |
| 11 | "तलब भत्ता तथा पारिश्रमिक खर्च (तलव, अन्य सुविधा, नियमित परामर्श र करार सेवा) " | सङ्गठनात्मक तथा व्यवस्थापकीय पक्ष |
| 12 | "ठेक्का तथा प्रस्ताव व्यवस्थापन " | ठेक्का व्यवस्थापन |
| 13 | "आन्तरिक आयतर्फ " | आन्तरिक आयतर्फ |
| 14 | "स्वास्थ्यतर्फ " | स्वास्थ्यतर्फ |
| 15 | "सफ्टवेयर खरिद र सञ्चालन खर्च " | खरिद व्यवस्थापन |
| 16 | "कण्टिन्जेन्सी खर्च " | खरिद व्यवस्थापन |
| 17 | योजना छनोट र सञ्चालन | योजना तर्जुमा, बजेट तथा कार्यक्रम |
| 18 | "रकमान्तर तथा अवण्डा " | वित्तीय विवरणको विश्लेषण |

## बेरूजु दफा २७.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | |
|---|---|---|---|
| क.स./ आर्थिक सङ्केत | विवरण ( राजस्व, अनुदान र अन्य प्राप्ति ) | चालु आ.ब.को कारोबार रकम | गत आ व को कारोबार रकम |
| ११००० | कर | ९,२३,७०,४२७.०२ | ८,५९,९७,५०६.६७ |
| १३००० | अनुदान | ३३,८७,९०,०४९.५१ | ३५,९७,६७,३३०.७५ |
| १४००० | अन्य राजस्व | ४४,२२,१९४.०५ | ३७,५१,०७५.१५ |
| १५००० | विविध प्राप्ति | १,३४,०७१.०० | ० |
| ३३३४३ | विज्ञापन कर | २३,३४०.०० | ० |
| क | कुल जम्मा प्राप्ति | ४३,५७,४०,०८१.५८ | ४४,९५,१५,९१२.५७ |
| ३ | चालु | ३१,८४,१७,२३०.१० | २९,२७,९६,८०९.५४ |
| २१००० | पारिश्रमिक / सुविधा | १७,७५,६०,३०७.७२ | ८,२०,३०,५४८.८९ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | ९,१४,९०,७०९.९८ | ७,२३,२५,३४६.८० |
| २५००० | सहायता (Subsidy) | २,७१,१९,११९.४० | ११,४०,११,९६६.८५ |
| २६००० | अनुदान | १०,००,०००.०० | ५७,१८,९०८.०० |
| २७००० | सामाजिक सुरक्षा | १,८१,२०,४५८.०० | १,६७,९७,८१६.०० |
| २८००० | अन्य खर्च | ३१,२६,६३५.०० | १९,१२,२२३.०० |
| ४ | पूंजीगत | १४,११,४५,९१५.२२ | १४,७६,७३,०४०.६९ |
| ३१११० | भवन तथा संरचना | ४,०३,०५,६३९.०० | २,८७,७५,६४१.०० |
| ३११२० | सवारी साधन , मेशिनरी औजार , फर्निचर्स तथा फिक्चर्स | ३२,१७,९२०.०० | ५५,२०,०७८.०० |
| ३११३० | अन्य पूँजीगत खर्च | ० | १९,८०,०००.०० |
| ३११५० | सार्वजनिक निर्माण | ९,७६,२२,३५६.२२ | ११,१३,९७,३२१.६९ |
| ख) | कुल जम्मा भुक्तानी | ४५,९५,६३,१४५.३२ | ४४,०४,६९,८५०.२३ |
| ग) | बचत / कमी (ग = क-ख ) | -२,३८,२३,०६३.७४ | ९०,४६,०६२.३४ |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/ -) | -६८,१६,८१७.०० | ३६,६३,४४६.०२ |
| घ.१) | कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी | १,५९६.०० | |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत / (कमी)) ( ङ = ग+घ) | -३,०६,३९,८८०.७४ | १,२७,०९,५०८.३६ |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | ७,१२,४२,९५०.०६ | ५,९२,९७,२०३.९२ |
| छ) | विनिमय नाफा/ घाटा तथा अन्य समायोजन | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | ४,०६,०३,०६९.३२ | ७,२०,०६,७१२.२८ |

# सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ ।
- स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई

अनुदान वितरण गर्नु हुँदैन।

- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- पालिकामा कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ ।